स्थानीय राजपत्र

परवानीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६) परवानीपुर, असार महिना १८ गते, २०८० साल (संख्याः १

भाग १

परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बारा , मधेश प्रदेश

लिपनीमाल

परवानीपुर गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको (परवानीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८०) ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन संख्याः १

Contents

१. संक्षिप्त नाम र प्रारम्भः ३

२. सम्पत्ति करः ३

३. भूमि कर (मालपोत) ७

४. घर जग्गा बहाल करः ८

५. व्यवसाय करः १०

६. जडिबुटी, कवाडी र जीवजन्तु करः १५

७. पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने करः १७

८. विज्ञापन करः १८

९. मनोरञ्जन करः १९

१०. बहाल बिटौरी शुल्कः १९

११. पार्किङ्ग शुल्कः २१

१२. सेवा शुल्क/दस्तुरः २१

१३. विक्री तथा निकासी शुल्कः ३४

१४. घरजग्ग रजिष्ट्रेशन शुल्कः ३५

१५. नक्शापास दस्तुरः ३५

१६. सरसफाई शुल्कः ३८

१७. दण्ड जरिवानाः ३९

१८. कर छुटः ४१

१९. प्रशासकीय पुनरावलोकन र पुनरावेदनः ४३

२०. ठेक्का आह्वान गर्न सक्नेः ४३

२१. सहयोग गर्नुपर्नेः ४४

२२. प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः ४४

२३. कर संकलनको लागि सेवा रोक्नः ४४

२४. गाउँस्तरीय कर चुक्ता प्रमाणपत्र जारी गर्नेः ४४

२५. किस्तामा कर तिर्न सकिनेः ४५

२६. प्रचलित कानून बमोजिम हुनेः ४५

२७. करदाताको पहिचान तथा दर्ताः ४५

२८. करदाताको दायित्वः ४५

२९. करदाताको अधिकारः ४६

३०. विवरण दाखिला गर्न आदेश दिन सक्नेः ४६

३१. विवरण सच्याउन सकिनेः ४६

३२. कर दाखिला गर्नुपर्नेः ४६

३३. कर दाखिलाको निस्सा दिनुपर्नेः ४७

३४. कर फिर्ता सम्बन्धी व्यवस्थाः ४७

३५. कर समायोजन सम्बन्धी व्यवस्थाः ४७

३६. उजुरी नलाग्नेः ४७

३७. पुनरावेदन दिन सक्नेः ४७

३८. अदालतलाई भए सरहको अधिकार हुनेः ४७

३९. आदेश वा निर्देशन दिन सक्नेः ४७

४०. पुरस्कृत गर्न सक्नेः ४७

४१. कर परीक्षण र कर निर्धारणः ४८

४२. कर निर्धारणको सूचनाः ४८

४३. कर संकलन सम्बन्धी व्यवस्थाः ४९

४४. जरिवाना लाग्नेः ४९

४५. ब्याज लाग्नेः ४९

४६. अभिलेख नराखेमा शुल्क लाग्नेः ४९

४७. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्नेः ५०

४८. झुट्टा विवरण दिएमा शुल्क लाग्नेः ५०

४९. ब्याज नलाग्नेः ५०

५०. कागजातको ढाँचाः ५०

५१. सूचना तामेली रीत पुगेको मानिनेः ५०

५२. नगदी रसिद रद्द गर्न सक्नेः ५०

५३. कार्यविधि बनाउन सक्नेः ५१

५४. बाधा अड्काउ फुकाउः ५१

परवानीपुर गाउँपालिकाको आर्थिक ऐन, २०८०

परवानीपुर गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना: परवानीपुर गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम परवानीपुर गाउँ सभाले यो ऐन बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि परवानीपुर गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुलाई एकीकृत रुपमा हिसाब गरी **अनुसूची-१** मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ । तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन । नक्शा पेश गर्दा निर्माण कार्यको समय तालिका पेश गरी सोही समय तालिका भित्र निर्माण सम्पन्न गर्नु पर्नेछ । पेश गरेको समय तालिकाको आधारमा सम्पत्ति करको गणना गरिनेछ । यदि कसैले नक्शा पेश गरेको भन्दा कम तल्ला निर्माण गरी कार्यालयमा जानकारी गराएमा निर्माण भएको संरचनालाई मात्र मुल्यांकनमा समावेश गर्न सकिनेछ ।

अनुसूची -१

(ऐनको दफा २ सँग सम्बन्धित)

सम्पत्ति करको दर

लेखा कोड: ११३१३ कम्प्युटर कोड:०००१

सि.नं.	कर योग्य सम्पत्तिको मूल्य	इकाई	आ.ब. २०८०/८१ को प्रस्तावित दर	कैफियत
१	पाँच लाख रुपैयाँ सम्मको मूल्यांकनमा	एकमुष्ठ	५०/-	
२	थप पचास लाख रुपैयाँ सम्म	प्रति लाख	१०/-	
३	एकाउन्न लाख देखि एक करोड रुपैयाँ सम्म	प्रति लाख	१५/-	
४	एक करोड एक लाख देखि दुई करोड रुपैयँ सम्म	प्रति लाख	२५/-	
५	दुई करोड एक लाख रुपैयाँ देखि तीन करोड रुपैयाँ सम्म	प्रति लाख	३५/-	
६	तीन करोड भन्दा माथि	प्रति लाख	४५/-	

नोट: मूल्यांकन रकमलाई रु.लाखमा (Round Figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ र Round Figure मा लैजाँदा ५० हजार भन्दा कम भए तल्लो अंकमा र बढी भए उपल्लो अंकमा लगिने छ ।

२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करमा जग्गाको मुल्यांकन गणना गर्दा **अनुसूची-१.१** र भौतिक संरचनाको मुल्यांकन गर्दा **अनुसूची-१.२** मा उल्लेख भए बमोजिम गरिनेछ । सम्पत्ति कर गणना गर्दा न्यूनतम रु ५ लाख सम्मको मूल्यांकनमा रु ५०/- बाहेक कुनै पनि व्यक्ति/संस्थाको साविकको सम्पत्तिमा

घटवढ नभै अघिल्लो आ.व. मा कायम रहेको सम्पत्ति कर भन्दा वढी हुन गएमा अधिकतम १० प्रतिशत भित्र समायोजन गरी तथा घटीको हकमा अघिल्लो आ.व.को भन्दा नघट्ने गरी कर असूली गरिनेछ ।

अनुसूची -१.१

परवानीपुर गाउँपालिका भित्रका जग्गाको मुल्याङ्कन दर

क) हालको वडा नं. १

सि.नं.	जग्गा तथा सडकको विवरण	सडकको किसिम	प्रति कठ्ठा मुल्यांकन	कैफियत
१	पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा	पक्की/ढलान सडक	२०,००,०००/-	
२	ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	१५,००,०००/-	
३	कच्ची बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	१०,००,०००/-	
४	शाखा नहरसँग जोडिएको जग्गा	कच्ची सडक	५,००,०००/-	
५	कुलोसँग जोडिएको जग्गा	कच्ची सडक	२,५०,०००/-	
६	ऐलानी जग्गा (अस्थायी नि.शा) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	५०,०००/-	
७	ऐलानी जग्गा (अस्थायी नि.शा) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	७५,०००/-	
८	सरेह खेत (खेती योग्य)	बाटो नभएको	१,५०,०००/-	

ख) हालको वडा नं. २

सि.नं.	जग्गा तथा सडकको विवरण	सडकको किसिम	प्रति कठ्ठा मुल्यांकन	कैफियत
१	त्रिभुवन (बिरगंज/पथलैया) सँग दायाँ बायाँ जोडिएको जग्गा प्रति कठ्ठा	पक्की सडक	५५,००,०००/-	
२	साविक रेल्वे मार्गको हाल सडकसँग दायाँबायाँ जोडिएको जग्गा प्रति कठ्ठा	पक्की सडक	५५,००,०००/-	
३	पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा प्रति कठ्ठा	पक्की/ढलान सडक	२१,००,०००/-	
४	ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	१५,४०,०००/-	
५	कच्ची बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	१३,२०,०००/-	
६	शाखा नहरसँग जोडिएको जग्गा	कच्ची सडक	१२,१०,०००/-	
७	कुलोसँग जोडिएको जग्गा	कच्ची सडक	२,५०,०००/-	
८	ऐलानी जग्गा (अस्थायी निः) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	५०,०००/-	
९	ऐलानी जग्गा (अस्थायी निः) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	७५,०००/-	
१०	सरेह खेत (खेती योग्य)	बाटो नभएको	२,००,०००/-	

ग) हालको वडा नं. ३

सि.नं.	जग्गा तथा सडकको विवरण	सडकको किसिम	प्रति कठ्ठा मुल्यांकन	कैफियत
१	त्रिभुवन राजमार्ग(बिरगंज/पथलैया) सँग दायाँ बायाँ जोडिएको जग्गा	पक्की सडक	९०,००,०००/-	
२	साविक रेल्वे मार्गको हाल सडकसँग दायाँबायाँ जोडिएको जग्गा	पक्की सडक	८५,००,०००/-	
३	पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा	पक्की/ढलान सडक	३०,००,०००/-	
४	ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	२०,००,०००/-	
५	कच्ची बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	१५,००,०००/-	
६	शाखा नहरसँग जोडिएको जग्गा	कच्ची सडक	१३,५०,०००/-	
७	कुलोसँग जोडिएको जग्गा	कच्ची सडक	५,५०,०००/-	
८	ऐलानी जग्गा (अस्थायी निः) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	५०,०००/-	
९	ऐलानी जग्गा (अस्थायी निः) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	७५,०००/-	
१०	सरेह खेत (खेती योग्य)	बाटो नभएको	३,५०,०००/-	

घ) हालको वडा नं. ४

सि.नं.	जग्गा तथा सडकको विवरण	सडकको किसिम	प्रति कठ्ठा मुल्यांकन	कैफियत
१	त्रिभुवन राजमार्ग (बिरगंज/पथलैया) सँग दायाँ बायाँ जोडिएको जग्गा प्रति कठ्ठा	पक्की सडक	८०,००,०००/-	
२	साविक रेल्वे मार्गको हाल सडकसँग दायाँबायाँ जोडिएको जग्गा प्रति कठ्ठा	पक्की सडक	६५,००,०००/-	
३	पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा	पक्की/ढलान सडक	२५,००,०००/-	
४	ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	१५,५०,०००/-	
५	कच्ची बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	१३,२०,०००/-	
६	शाखा नहरसँग जोडिएको जग्गा	कच्ची सडक	१२,१०,०००/-	
७	कुलोसँग जोडिएको जग्गा	कच्ची सडक	५,००,०००/-	
८	ऐलानी जग्गा (अस्थायी निः) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	५०,०००/-	
९	ऐलानी जग्गा (अस्थायी निः) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	७५,०००/-	
१०	सरेह खेत (खेती योग्य) प्रति कठ्ठा	बाटो नभएको	३,५०,०००/-	

ङ) हालको वडा नं. ५

सि.नं.	जग्गा तथा सडकको विवरण	सडकको किसिम	प्रति कठ्ठा मुल्यांकन	कैफियत
१	त्रिभुवन राजमार्ग (बिरगंज/पथलैया) सँग दायाँ बायाँ जोडिएको जग्गा	पक्की सडक	९०,००,०००/-	
२	साविक रेल्वे मार्गको हाल सडकसँग दायाँबायाँ जोडिएको जग्गा	पक्की सडक	८५,००,०००/-	
३	कलैया-बिरगंज राजमार्ग समेतसँग दायाँबायाँ जोडिएको जग्गा	पक्की सडक	५५,००,०००/-	
४	पिच/ढलान बाटोसँग दायाँबायाँ जोडिएको जग्गा	पक्की/ढलान सडक	३०,५०,०००/-	
५	ग्राभेल तथा मूल नहर बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	२०,००,०००/-	
६	कच्ची बाटोसँग जोडिएको जग्गा	कच्ची सडक	१५,४०,०००/-	
७	शाखा नहरसँग जोडिएको जग्गा	कच्ची सडक	१३,२०,०००/-	
८	कुलोसँग जोडिएको जग्गा	कच्ची सडक	५,००,०००/-	
९	ऐलानी जग्गा (अस्थायी निः) मा बनेको फुस/खपडाको घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	५०,०००/-	
१०	ऐलानी जग्गा (अस्थायी निः) मा बनेको पक्की घर पारित हुदा प्रतिधुर	पक्की/ढलान सडक	७५,०००/-	
११	सरेह खेत (खेती योग्य) प्रति कठ्ठा	बाटो नभएको	३,००,०००/-	

परवानीपुर गाउँपालिका

अनुसूची -१.२

परवानीपुर गाउँपालिका भित्रका घर जग्गाको मुल्याङ्कन दर

सि.नं.	घरको वर्गीकरण	मूल्यांकन दर	प्रस्तावित दर	कैफियत
१	आर.सि.सि. फेम स्टक्चर-व्यवसायिक भवन	प्रति वर्ग फिट	२५००/-	
२	भवन ऐन बमोजिम 'क' वर्गको भवनहरु-व्यवसायिक भवन	प्रति वर्ग फिट	१८००/-	
३	आर.सि.सि. फेम स्टक्चर-आवसिय भवन	प्रति वर्ग फिट	१५००/-	
४	भित्र बाहिर पाको ईटा वा ढुङ्गा सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि.) गरिएको घर	प्रति वर्ग फिट	१५००/-	
५	स्टिल फेम स्टक्चर भएका ठूला भवन-व्यवसायिक भवन	प्रति वर्ग फिट	१२००/-	
६	सिमेन्टको जोडाई, आर.सि.सि. छाना भएका भवन	प्रति वर्ग फिट	१२००/-	
७	सिमेन्टको जोडाईको जस्ता, टायलको छाना भएको	प्रति वर्ग फिट	१०००/-	
८	१४ फिट भन्दा अग्ला ट्रस्टहरु-आवसिय भवन	प्रति वर्ग फिट	८००/-	
९	भित्र बाहिर पाको ईटा वा ढुङ्गामा माटोको जोडाइ भई भित्र बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर.सि.सि. वा आर.बि.सि.) गरिएको घर	प्रति वर्ग फिट	२००/-	
१०	ईटा वा ब्लकले बनेको सेड वा कच्ची घर	प्रति वर्ग फिट	१००/-	
११	काँचो ईटा वा माटोको गाहो वा बाँस वा काठको टाटी भै फुस, छवाली, खर, पराल र जस्ता वा टीनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको		०/-	

३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादशील उपयोगको अवस्था, जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजार मूल्य समेतका आधारमा कायम गरिनेछ ।

४) सम्पत्ति कर संकलन गर्दा घर जग्गा बहाल कर, व्यवसाय कर, सरसफाइ शुल्क, विपद् व्यवस्थापन शुल्क र सडक बत्ती शुल्क समेत एकीकृतरुपमा असूल उपर गरिनेछ । साथै यि करहरु चुक्ता नगरेमा गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा दिन कार्यालय वाध्य हुनेछैन ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र **अनुसूची-२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमि कर (मालपोत) लगाइने छैन ।

अनुसूची -२

(ऐनको दफा ३ सँग सम्बन्धित)

भूमीकर (मालपोत) को दर

लेखा कोडः ११३१४ कम्प्युटर कोडः०००२

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	व्यापारिक, व्यवसायिक जग्गा	प्रति कठ्ठा	३००/-	
२	**आवासिय जग्गा**			
२.१	पिच/ढलान सडकसंग जोडिएको जग्गा	प्रति कठ्ठा	१००/-	
२.२	ग्राभेल सकडसंग जोडिएको जग्गा	प्रति कठ्ठा	५०/-	
३	कृषियोगय जग्गा	प्रति कठ्ठा	१०/-	
४	अन्य जग्गा सबै	प्रति कठ्ठा	१०/-	
५	बक्यौता	प्रति कठ्ठा	साविक बमोजिम	

४. **घर जग्गा बहाल करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा **अनुसूची-३** बमोजिम बहाल कर लगाइने र असुल गरिनेछ । घर जग्गा बहाल कर सम्बन्धमा भाडा निर्धारणको लागि सम्झौता गर्नु पर्नेछ । सम्झौता गर्दा गाउँपालिकाले तोकेको न्यूनतम दर भन्दा कम नहुने गरी सम्झौता गर्नु पर्नेछ । यसरी गरिने सम्झौता कम्तिमा ३ महिनाको नयूनतम अवधिको हुनु पर्ने साथै सोही बमोजिम भुक्तानी गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

३) बहाल कर गाउँपालिकामा दाखिला गर्ने दायित्व घर धनीको हुनेछ । करको दायित्व वहन गर्ने विषय बहालमा लिने दिनेले आपसी समझदारीमा तय गर्न सक्नेछन् ।

४) यस ऐन बमोजिम घर जग्गा बहाल करको प्रयोजनको लागि स्वघोषणा फारमको व्यवस्था गरिनेछ ।स्पघोषणा प्रतिवेदन कर परीक्षणको सामाग्री बन्न सक्नेछ ।

५) स्वघोषणा फारम भर्न इन्कार गरेमा वा ढीलाई गरेमा वा पूर्ण विवरण नदिएमा वडा कार्यालय, कर शाखा वा नगर प्रहरीलाई स्थलगत निरिक्षणमा पठाई घर बहालमा रहेको नरहेको एकीन गरिनेछ ।

६) बहालमा लगाएको घर जग्गा निश्चित समय खाली रहन गएकोमा त्यस अवधिको कर कट्टि गर्न सकिनेछ । खाली रहेको अवधिको ब्यहोरा वडा कार्यालय वा वडा सदस्यबाट प्रमाणीत गराई एकीन गरिनेछ ।

७) गाउँपालिकाको स्वामीत्वमा रहेको सम्पत्तिहरु जस्तै मेशिनरी औजार, चौर, सभाहल लगायको भाडा **अनुसूची-४** बमोजिम लगाइने र असुल गरिनेछ ।

अनुसूची -३

(ऐनको दफा ४ सँग सम्बन्धित)

घर जगा बहाल कर

लेखा कोडः ११३२१ कम्प्युटर कोडः०००४

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	परवानीपुर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति/संस्था/फर्मले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्परा), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएको बहाल रकमको	बार्षिक	१० प्रतिशत	

भाडा करको गणनाः बहालकर गणना गर्दा परवानीपुर गाउँपालिकाले तोकेको न्यूनतम अंक भन्दा बढी कायम गरेको हकमा सम्झौता वा स्वःघोषणामा उल्लेख भए बमोजिम तथा अन्यको हकमा निम्न बमोजिम गणना गरिनेछः

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	शहरी क्षेत्र (त्रिभुवन राजमार्ग/हुलाकी राजमार्ग वा गाउँस्तरको बाटोले छोएको वा राजमार्ग बाट २०० मिटर भित्र) व्यवसायिक प्रयोग	प्रति वर्ग फिट मासिक	रु.२०/-	
२	शहरी क्षेत्र (त्रिभुवन राजमार्ग/ हुलाकी राजमार्ग वा गाउँस्तरको बाटोले छोएको वा राजमार्ग बाट २०० मिटर भित्र) आवासिय प्रयोग	प्रति वर्ग फिट मासिक	रु.१५/-	
३	त्रिभुवन राजमार्ग/ हुलाकी राजमार्ग वा गाउँस्तरको बाटोले छोएको वा राजमार्ग बाट २०० मिटर भित्र बाहेकका क्षेत्र	प्रति वर्ग फिट मासिक	रु.१०/-	

अनुसूची -४

(ऐनको दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

सरकारी सम्पत्ती प्रयोगबाट प्राप्त हुने भाडा

लेखा कोडः १४१५१

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	३०५३	जेटिङ मेशिन/सक्शन मेशिन (गाउँपालिका क्षेत्रभित्र)	प्रति ट्रिप	२५००/-	
२	३०४४	जेटिङ मेशिन/सक्शन मेशिन (गाउँपालिका बाहिर)	प्रति ट्रिप	३०००/-	
३	३०४५	जे.सि.बि. (ईन्धन सहित) (गाउँपालिका क्षेत्रभित्र)	प्रतिघण्टा	२५००/-	
४	३०४६	जे.सि.बि. (ईन्धन बाहेक) (गाउँपालिका क्षेत्र बाहिर बिरगंज, कलैया र जितपुर)	प्रतिघण्टा	५०००/-	
५	३०४७	ट्रिपर (ईन्धन बाहेक गाउँपालिका क्षेत्रभित्र)	प्रति ट्रिप	४०००/-	
६	३०४८	ट्रिपर (ईन्धन बाहेक गाउँपालिका क्षेत्र बाहिर बिरगंज, कलैया र जितपुर)	प्रति ट्रिप	६०००/-	
७	३०४९	टयाक्टर (ईन्धन बाहेक गाउँपालिका क्षेत्रभित्र)	प्रति दिन	२०००/-	
८	३०५०	सभाहल भाडा	प्रति दिन	३०००/-	
९	३०५२	सटर भाडा (पहिलो स्तर)	मासिक	७०००/-	
१०	३०५३	सटर भाडा (दोस्रो स्तर)	मासिक	५०००/-	
११	३०५४	सटर भाडा (तेस्रो स्तर)	मासिक	४०००/-	

५. **व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र रहेका उद्योग वयापार, व्यवसाय र सेवामा व्यवसायको प्रकृति हेरी पूँजीगत लगानी र बार्षिक आर्थिक कारोवारका आधारमा गणना गरी **अनुसूची-५** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

२) गाउँपालिका क्षेत्रभित्र रहेका उद्योग व्यापार, व्यवसाय र सेवामा व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले गाउँपालिका अनिर्वाय व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रमाण पत्र लिनु पर्नेछ।

३) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन ।

४) उपदफा (२) बमोजिमको स्व-घोषणा पत्रमा आफ्नो घर जग्गा तथा स्वामित्वमा रहेको सम्पत्तिमा व्यवसाय गरी बसेका व्यवसायीहरुको विवरण समेत समेट्नु पर्नेछ ।

५) आफ्नो घर जग्गामा व्यवसाय गरी बस्ने व्यवसायीहरुलाई व्यवसाय करको दायरामा ल्याउन सघाउनु हरेक घर जग्गा धनीको कर्तव्य मानिनेछ ।

६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ ।

अनुसूची -५

(ऐनको दफा ५ सँग सम्बन्धित)

व्यवसाय करको दर

लेखा कोडः १४६११ कम्प्युटर कोडः००३

१. पर्यटकीयस्तरका होटलमा लिने व्यवसाय कर

सि.नं.	होटलको किसिम	इकाई	प्रस्तावित दर	कैफियत
१	५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटललाई (क)	मासिक	५००/-	
२	लज मात्र भएको लजलाई (ख)	मासिक	३५०/-	
३	साधारण खाना, नास्ता, लज भएकोलाई (ग)	मासिक	३००/-	
४	रेष्टुरेन्ट मात्र भएकोलाई (घ)	मासिक	७००/-	
५	१० कोठा भन्दा माथि ए.सी. भएको होटल, रेष्टुरेन्ट	मासिक	२०००/-	

२.उद्योग क्षेत्रः

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
	पूँजिगत लगानी रकममा			
१	रु.५ लाख सम्म	बार्षिक	१०००/-	
२	रु. ५ लाख भन्दामाथि १० लाखसम्म	बार्षिक	३०००/-	
३	रु. १० लाख भन्दामाथि २५ लाखसम्म	बार्षिक	५०००/-	
४	रु. २५ लाख भन्दामाथि ५० लाखसम्म	बार्षिक	१००००/-	
५	रु. ५० लाख भन्दामाथि	बार्षिक	१५०००/-	

३. बाणिज्य/व्यापार/सेवा क्षेत्र

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
	पूँजिगत लगानी रकममा			
१	रु.५ लाख सम्म	बार्षिक	७००/-	
२	रु. ५ लाख भन्दामाथि १० लाखसम्म	बार्षिक	१५००/-	
३	रु. १० लाख भन्दामाथि २५ लाखसम्म	बार्षिक	३०००/-	
४	रु. २५ लाख भन्दामाथि ५० लाखसम्म	बार्षिक	५०००/-	
५	रु. ५० लाख भन्दामाथि	बार्षिक	१००००/-	

४.बैंक तथा वित्तीय संस्था व्यवसाय कर १४६११

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	"क" वर्गको बैंक	मासिक	२०००/-	
२	"ख" वर्गको बैंक	मासिक	१५००/-	
३	फाइनान्स	मासिक	१२००/-	
४	लधुवित्त	मासिक	८००/-	
५	सहकारी १ करोड सम्म	मासिक	३००/-	
६	सहकारी १ करोड भन्दा माथि	मासिक	४००/-	

५.व्यवसाय कर (निजी) विद्यालय १४६११

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	विधार्थी संख्या (१-५००)	मासिक	१५००/-	
२	विधार्थी संख्या (५०१-१०००)	मासिक	२५००/-	
३	विधार्थी संख्या (१००१ भन्दा माथि)	मासिक	५०००/-	

६. पेट्रोल पम्म व्यवसाय कर १४६११

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	पेट्रोल पम्प व्यवसाय	मासिक	२०००/-	

७. परामर्श सेवा व्यवसाय कर १४६११

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	नक्शा डिजाइन तथा घर निर्माण सम्बन्धी परामर्श	मासिक	२५०/-	
२	अन्य परामर्श सम्बन्धी व्यवसाय	मासिक	२५०/-	

८. डिपबोरिङ्ग करः डिप वोरिङ्गबाट उत्पादन हुने पानी तथा सोको लागि जडान भएको मेसिन वा पम्पको क्षमताको आधारमा बार्षिक कर निम्न बमोजिम

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
क	**सेवामूलक व्यवसायिक संस्था**			
१	१० हर्स पावर सम्म	मासिक	१५००/-	
२	१० भन्दा माथि २० हर्स पावर सम्म	मासिक	२०००/-	
३	२० भन्दा माथि ३० हर्स पावर सम्म	मासिक	३५००/-	
४	३० हर्स पावर भन्दा माथि	मासिक	५०००/-	
ख	**व्यवसायिक प्रयोजन**			
१	१० हर्स पावर सम्म	मासिक	२५००/-	
२	१० भन्दा माथि २० हर्स पावर सम्म	मासिक	३५००/-	
३	२० भन्दा माथि ३० हर्स पावर सम्म	मासिक	५०००/-	
४	३० हर्स पावर भन्दा माथि	मासिक	७५००/-	

९. अन्य व्यवसाय

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	**मासू पसल**			
क	रांगाको समेत सबै प्रकारका मासू मात्र बेच्नेलाई (क वर्ग)	मासिक	२५०/-	
ख	खसी र कुखुरा बेच्नेलाई (ख वर्ग)	मासिक	२००/-	
ग	रांगा, खसी, बोका बाहेकको मासू बेच्नेलाई (ग वर्ग)	मासिक	१५०/-	
२	**मदिरा पसल**			
क	ईजाजत प्राप्त थोक मदिरा पसललाई (क वर्ग)	मासिक	५००/-	
ख	ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख वर्ग)	मासिक	४००/-	
३	**कोल्ड्रिक्स पसल**	मासिक	२००/-	
४	**सूनचाँदी गहना पसल**			
क	आफ्नै सूनचाँदीलाई बनाउने र बेच्नेलाई (क वर्ग)	मासिक	५००/-	
ख	अरुको सूनचाँदीलाई बनाउने र बेच्नेलाई (ख वर्ग)	मासिक	४००/-	
५	**रेडियो/मोबाईल विक्री तथा मर्मत**	मासिक	५००/-	
६	**संचार सेवा**	मासिक	२००/-	
७	**घडि विक्री तथा मर्मत**	मासिक	२००/-	
८	**केवल टि.भी. सेवा**	मासिक	१०००/-	
९	**फोटो स्टूडियो**	मासिक	५००/-	
१०	**हजाम**	मासिक	५०/-	
११	**टेलरिङ्ग**	मासिक	५००/-	
१२	**मोटर वर्कशप**			
क	गाडीको वडी बनाउने, मर्मत गर्ने तथा पार्टस बेच्ने (क वर्ग)	मासिक	१०००/-	

ख	मोटरसाईकलको मर्मत गर्ने तथा पार्टस बेच्ने (ख वर्ग)	मासिक	५००/-	
ग	गाडी तथा मोटरसाईकल मर्मत मात्र गर्ने (ग)	मासिक	३००/-	
१३	**छापाखाना**			
क	अपसेट प्रेसलाई (क वर्ग)	मासिक	५००/-	
ख	साधारण प्रेसलाई (ख वर्ग)	मासिक	३५०/-	
१४	**स्वास्थ्य सेवा**			
क	अस्पाताल	मासिक	३०००/-	
ख	पोलिक्लिनी, थोक मेडिकल	मासिक	१५००/-	
ग	मेडिकल	मासिक	८००/-	
१५	**मेटल वर्कशप**	मासिक	१०००/-	
१६	**काष्ठ उद्योग**			
क	काठ चिनारी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झयाल ढोका आदी (क वर्ग)	मासिक	१०००/-	
ख	कुनै एक मात्र बनाउनेलाई (ख वर्ग)	मासिक	५००/-	
१७	**ईट्टा भटा ईट्टा डिपो**			
क	ईट्टा भट्टालाई (क)	मासिक	३०००/-	
ख	ईट्टा भट्टालाई (ख)	मासिक	२०००/-	
१८	**कम्प्युटर इन्स्च्युट**	मासिक	५००/-	
१९	**दाउरा डिपो**	मासिक	२००/-	
२०	**पान पसल**	मासिक	५०	
२१	**बेकरी उद्योग र बेकरी पसल**			
क	उद्योग	मासिक	५००/-	
ख	पसल	मासिक	२००/-	
२२	**तरकारी र फलफूल पसल**	मासिक	३००/-	
२३	**चिया पसल**	मासिक	निः शुल्क	
२४	**मिलहरु**			
क	१० हर्ज पावर क्षमता मिल	मासिक	१०००/-	
ख	१० हर्ज पावर क्षमता भन्दा कम	मासिक	५००/-	
२५	**कपडा पसल**	मासिक	१५००/-	
२६	**किराना पसल**			
क	थोक सहितको किराना पसल	मासिक	५००/-	
ख	पचास हजार भन्दा बढी लगानी भएको पसल	मासिक	३००/-	
ग	पचास हजार भन्दा कम लगानी भएको पसल	मासिक	१००/-	
२७	**खाघ पसल**			
क	थोक सहितको खाघ पसल	मासिक	५००/-	
	खुद्रा मात्रको खाघ पसल	मासिक	३००/-	
२८	**भाडा पसल**			

क	धातु तथा प्लाष्टिकका भाडा तथा सामान बेच्ने	मासिक	२००/-	
ख	माटोको भाडा तथा सामान बेच्ने	मासिक	१००/-	
२९	**चूरा धागो तथा श्रृगारका सामान पसल**			
क	थोक सहितको पसल	मासिक	५००/-	
ख	पचास हजार भन्दा बढी लगानी भएको पसल	मासिक	३००/-	
ग	पचास हजार भन्दा कम लगानी भएको पसल	मासिक	२००/-	
३०	**हार्डवेयर पसल**	मासिक	१०००/-	
३१	**ईलेक्ट्रिक पसल**	मासिक	५००/-	
३२	**कानूनी फर्म**	मासिक	५००/-	
३३	**साईन वोर्ड पेन्टीङ**	मासिक	३००/-	
३४	**फर्निचर एण्ड फार्निसिङ्ग**	मासिक	५००/-	
३५	**स्टेशनरी पसल**			
क	खेलकुद सामाग्री सहित	मासिक	३००/-	
ख	स्टेशनरी मात्र भएको	मासिक	१००/-	
३६	**जडीबुटी खरिद विक्री**	मासिक	१०००/-	
३७	**लेखा परीक्षक**	मासिक	१०००/-	
३८	**टेलिभिजन पसल**	मासिक	५००/-	
३९	**पशु वधशाला**	मासिक	५००/-	
४०	**चस्मा पसल**	मासिक	१००/-	
४१	**शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल**	मासिक	२००/-	
४२	**रेफ्रिजेरेटर मर्मत**	मासिक	५००/-	
४३	**दूध डिपो/पसल**	मासिक	३००/-	
४४	**ब्यूटीपार्लर**	मासिक	३००/-	
४५	**म्यानपावर सेवा**	मासिक	१०००/-	
४६	**क्याटेरिङ्ग सेवा**	मासिक	५०००/-	
४७	**मार्बल/टायल्स पसल**	मासिक	१०००/-	
४८	**सवारी साधनको शो रुम**			
क	गाडीको शो रुम	मासिक	३०००/-	
ख	मोटरसाईकलको शो रुम	मासिक	२०००/-	
ग	टैक्टरको तथा अन्य मेशनरीको शो रुम	मासिक	१०००/-	
४९	**कृषि एग्रो भेट/भेटेनरी एग्रो भेट**	मासिक	३००/-	
५०	**मिनरल वाटर उद्योग**	मासिक	१०००/-	
५१	**ईन्टरनेट कम्पनी**	मासिक	१०००/-	

६. जडिबुटी, कवाडी र जीवजन्तु करः (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक

कारोवार गरेवापत **अनुसूची-६** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जानिने प्रमाणलाई सम्झनु पर्दछ र गाउँपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउने छ ।

२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक करोवार गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

अनुसूची -६

(ऐनको दफा ६ सँग सम्बन्धित)

जडिबुटी, कवाडी, जीवजन्तु करको दर

लेखा कोडः १४५२९ कम्प्युटर कोडः३०४९

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	फलाम			
१.१	पुन प्रयोग हुने र प्रशोधन हुने (Miss Roll/बि ग्रेड/सि ग्रेड/सर्ट लेन्थ)	प्रति के.जी.	१.०/-	
१.२	ब्लेड/पत्ति/एंगल/छाँइ	प्रति के.जी.	०.५/-	
२	अन्य धातु (पित्तल/तामा आदि)	प्रति के.जी.	२.०/-	
३	थोक्रिएर काम नलाग्ने मेसिनरी औजार	प्रति के.जी.	२.०/-	
४	पोलिथिन पाइपका टुक्रा	प्रति के.जी.	२.०/-	
५	जींक	प्रति के.जी.	०.५/-	
६	झिण्डु	प्रति के.जी.	२.०/-	
७	जलेको मोबिल	प्रति के.जी.	१.०/-	
८	पुरानो ब्याट्री	प्रति के.जी.	२.०/-	
९	कार्पेटका टुक्रा	प्रति के.जी.	१.०/-	
१०	पुरानो टायर टयुब	प्रति के.जी.	०.५/-	
११	उन/कपास	प्रति के.जी.	३.०/-	
१२	जडिबुटि	प्रति के.जी.	५.०/-	
१३	भुस/चोकर	प्रति ट्रक	५००/-	
१४	भुस/चोकर	प्रति टयाक्टर	२००/-	
१५	ब्राण्ड	प्रति क्विनटल	५.०/-	
१६	कनिका/खुद्दी	प्रति के.जी.	०.०५/-	
१७	पराल	प्रति ट्रक	२५०/-	
१८	पराल	प्रति टयाक्टर	१००/-	
१९	ईटा	प्रति टयाक्टर	५०/-	
२०	काठ	प्रति क्यु फिट	५.०/-	

२१	दाउरा	प्रति क्विनटल	३.०/-	
२२	ढूटो/चुत्री/अकडी/दालको भाप	प्रति के.जी.	०.१/-	
२३	पिना	प्रति के.जी.	०.३/-	
२४	डिष्टिलरिबाट निस्केको अन्नको अवशेष	प्रति के.जी.	०.२५/-	
२५	पंछिशरुको प्वाँख	प्रति के.जी.	२.०/-	
२६	हाड	प्रति के.जी.	१.०/-	
२७	सिंग	प्रति के.जी.	२.०/-	
२८	खुर	प्रति के.जी.	२.०/-	
२९	काँचो छाला	गोटा/पिस	३०.०/-	
३०	खाली सीसी (वियर) को बोतल	गोटा	१.०/-	
३१	खाली सीसी र लिड/काँचको टुक्रा	प्रति के.जी.	०.२५/-	
३२	प्लाष्टिक (बोतल/भाँडाकुँडा/पुराना जुत्ता/चपल/ग्यालन र जर्किन आदि)	प्रति के.जी.	१.०/-	
३३	जुट तथा पलाष्टिकको बोरा	प्रति के.जी.	०.५०/-	
३४	थोत्रो टिन/जस्ता पाता लगायतको कवाडी	प्रति के.जी.	१.०/-	
३५	प्रयोग भईसकेको खालि ड्रमहरु	गोटा	१०.०/-	
३६	पुराना कागज (अखवार/न्यूजप्रिन्ट/कार्टुन समेत)	प्रति के.जी.	१.०/-	

७. पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर: (१) गाउँपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा तथा आफ्नो श्रोतबाट निर्माण गरेको वा आफुलाई हस्तान्तरण भई आएको सडक, बाटो तथा पुलबाट आवागमन गर्ने सवारी तथा यातायातका साधनमा **अनुसूची-७** बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

२) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट गाउँपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

अनुसूची -७

(ऐनको दफा ७ सँग सम्बन्धित)

पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर

१. सवारी साधन कर (लेखा कोडः १४४५१ कम्प्युटर कोडः०००५

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	ई रिक्सा, रिक्सा तथा ठेला	बार्षिक	१००/-	
२	ई रिक्सा, रिक्सा नामसारी	बार्षिक	५००/-	
३	ठेला नामसारी	बार्षिक	१००/-	
४	ई रिक्सा, रिक्सा दर्ता शुल्क	बार्षिक	३००/-	
५	टेम्पो मोटरप्याड रुट प्रमाणित बापत	बार्षिक	३००/-	

२. पूर्वाधार सेवाको उपयोग कर (लेखा कोडः १४४५२ कम्प्युटर कोड:०००७
त्रिभुवन राजमार्ग र गण्डक नरह सडक बाहेक

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	ट्रक, बस, हेभी ट्र्याक्टर	प्रति दिन	५०/-	
२	मिनिबस, मिनि ट्रक, ट्र्याक्टर	प्रति दिन	३०/-	
३	निजी कार, जीप, डेलिभरीभ्यान पावर टेलर, टेम्पो	प्रति दिन	२०/-	

द्रष्टण्यः एम्बुलेन्स र शववाहनमा उक्त कर नलाग्ने व्यवस्था गरिएको छ ।

८. **विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा **अनुसूची-८** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ । गाउँपालिकाको स्वीकृति विना कुनै पनि प्रकारका साइनबोर्ड होडिङ्गबोर्ड राख पाइने छैन । स्वीकृत नलिइ यस्तो कार्य गरेमा जरिवाना वा होडिङ्गबोर्ड हटाउने दुबै कार्य गाउँपालिकाले गर्न सक्नेछ ।

३) यस दफा बमोजिम गाउँपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

४) यस गाउँपालिकामा व्यवसाय दर्ता भएका व्यवसायि/फर्म/बैंक/वित्तिय संस्थाहरुको आफ्नो परिचय खुलाउनरे वोर्ड कार्यालय परिसरमा राखिएका हकमा विज्ञापन कर लगाइनेछैन ।

अनुसूची -८

(ऐनको दफा ८ सँग सम्बन्धित)

विज्ञापन करको दर

लेखा कोडः १४४७२ कम्प्युटर कोड:०००८

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	विद्युतीय/डिजीटल होर्डिङ बोर्ड	प्रति वर्ग फिट-बार्षिक	५०/-	
२	डिजीटल डिस्प्ले बोर्ड तथा डिजीटल स्क्रीन	प्रति वर्ग फिट-बार्षिक	५०/-	
३	पोल ब्यानर/फ्लेक्स वोर्ड	प्रति गोटा-बार्षिक	३०/-	
४	होर्डिग बोर्ड, पोल बोर्ड, डी.पी.एस. बोर्ड, ग्लो साईन बोर्ड	प्रति वर्ग फिट-बार्षिक	३५/-	

५	भित्ते लेखन २ बर्ग फिट सम्म	प्रति वर्ग फिट-बार्षिक	८०/-	
६	फ्लेक्स प्रिन्ट ब्यानर/कपडा ब्यानर ६ बर्ग फिट सम्म	प्रति गोटा-बार्षिक	७०/-	
७	जुनसुकै स्थानमा व्यवसाय राखी गा.पा. क्षेत्र भित्र ब्यानर, कपडा वा अन्य अस्थायी समान प्रयोग गरि बिज्ञापन गरेको हकमा २ मि. भन्दा बढीको लागि प्रतिगोटा	प्रति गोटा-बार्षिक	५००/-	
८	कार्यक्रम/समारोह/सन्देशमूलक/जनचेतनामूलक/राजनीति दलको ब्यानर/पर्चा/पम्पेप्ट ब्यानर अनुमति लिई राखेमा	निः शुल्क	निः शुल्क	

नोटः यस गाउँपालिकामा व्यवसाय दर्ता भएका व्यवसायि/फर्म/बैंक/वित्तीय संस्थाहरुको आफ्नो परिचय खुलायने वोर्ड कार्यालय परिसरमा राखिएका हकमा विज्ञापन कर लगाइनेछैन ।

९. **मनोरञ्जन करः** (१) गाउँपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सङ्गीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असूल उपर गरिनेछ ।

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	जादु, चटक, सर्कस र रमाईलो मेला तिन महिना सम्म	प्रति दिन	५००/-	
२	जादु, चटक, सर्कस र रमाईलो मेला तिन महिना पछि	प्रति महिना	५०००/-	
३	चलचित्र हल, महोत्सव तथा प्रदर्शनी, साँस्कृतिक प्रदर्शन	प्रति टिकट	५%	
४	वाटरपार्क, इनढोर/आउटढोर फनपार्क	प्रति टिकट	५%	

२) उपदफा (१) बमोजिम गाउँपालिकाले उठाएको मनोञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** (१) गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा **अनसूची-९** बमोजिमको दरमा बहाल विटौरी शुल्क लगाउने र असूल उपर गरिनेछ । बहाल विटौरी शुल्क उठाउन सक्ने क्षेत्रः

क. आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

ख. आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा वा पसल वा आवास,

ग. गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल

२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनका लागि कार्यापालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ ।

३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनका लागि गाउँपालिकाले त्यस्तो स्थानमा खरीद विक्री हुने वस्तु तथा सेवा एंव कारोवारको आधारमा तोकेको न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहाल विटौरीमा दिन सक्नेछ ।

४) उवदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

अनुसूची -९

(ऐनको दफा १० सँग सम्बन्धित)

वहाल बिटौरी शुल्क

लेखा कोडः ११३२२ कम्प्युटर कोडः०००६

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
	पसल			
१	गाउँपालिकाले आफुले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार	प्रति वर्ग फीट मासिक	४० देखि ५०	
२	सार्वजनिक स्थल, बाटो छेउ ऐलानी जग्गामा	प्रति वर्ग फीट मासिक	१५ देखि २५	
	अस्थायी हाटबजार			
१	टोकरी पसल	प्रति दिन	१०/-	
२	साग सब्जी र फलफूल पसल सानो	प्रति दिन	१५/-	
३	साग सब्जी र फलफूल पसल ठुलो	प्रति दिन	३०/-	
४	पकौडा, समोसा, जेरी, पानिपुरी आदि जस्ता पसल सानो	प्रति दिन	२०/-	
५	पकौडा, समोसा, जेरी, पानिपुरी आदि जस्ता पसल ठुलो	प्रति दिन	४०/-	
६	माछा, मासु पसल	प्रति दिन	५०/-	
७	मिठाई होटल	प्रति दिन	१००/-	
८	टेलर घुम्ती	प्रति दिन	३०/-	
९	पार्चुन पसल	प्रति दिन	३५/-	
१०	मसला पिस्न् पसल	प्रति दिन	३०/-	
११	नाई र जुत्ता सिलाउने	प्रति दिन	२०/-	
१२	ठेलामा भाजा पसल	प्रति दिन	२०/-	
१३	फलफूल पसल	प्रति दिन	२५/-	
१४	सुर्ति पसल	प्रति दिन	२५/-	
१५	कपडा पसल (घुम्ती)	प्रति दिन	३५/-	
१६	ठेलामा अण्डा पसल, घुम्तीमा पान पसल	प्रति दिन	३५/-	

१७	भाडा बरतन पसल	प्रति दिन	४०/-	
१८	अन्य पसल ठूलो	प्रति दिन	४०/-	
१९	अन्य पसल सानो	प्रति दिन	२०/-	

नोटः यस भन्दा पनि बाहेकको हकमा गाउँपालिकाको स्वीकृतिमा न्यूनत्तम दर कायम गरिनेछ ।

११. पार्किङ्ग शुल्कः (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा **अनुसूची-१०** मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२) गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

३) गाउँपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ ।

अनुसूची -१०

(ऐनको दफा ११ सँग सम्बन्धित)

पार्किङ्ग शुल्क

लेखा कोडः १४२४१ कम्प्युटर कोडः३०४१

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	मोटरसाइकल, स्कुटर जन्य सवारी साधन	दैनिक	१०/-	
२	प्राईभेट कार, जीप, भ्यान जन्य सवारी साधन	दैनिक	२०/-	
३	विदेशी नम्बर प्लेटका सवारी साधन प्रति सवारी	दैनिक	१००/-	
४	बस, मिनिबस, ट्रक, टयाक्टर, लहरी प्रति सवारी	दैनिक	३५/-	
५	साईकल	दैनिक	५/-	

१२. सेवा शुल्क/दस्तुरः (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेको केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जि जम्प, जिपफ्लायर, रयाफिटङ्ग, प्यारागलाइडिङ्ग, लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

२) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकलय, सभागृह र त्यस्तै अन्य सुविधा,

ख) फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोबीघाट र त्यस्तै अन्य सुविधा,

घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा

ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

च) गाउँपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

छ) ऐतिहासिक स्थल, पुरातत्विक स्थल एवं धार्मिक महत्व सम्पदामा प्रवेश शुल्क तर ऐतिहासिक स्थल, पुरातत्विक स्थल र धार्मिक महत्व सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

३) गाउँपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यवसायी इजाजत, विद्यालय स्थापना, विद्यालयको कक्षा कोठा थप, विषय थप अनुमति, नाम परिर्वतन ठाउँसारी, टयुसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर तोकी लगाइने र उठाइने छ ।

४) दफा (१), (२) र (३) बमोजिम स्वदेशी चलचित्र छायाँकनमा **अनुसूची-११** बमोजिमको कर तथा गाउँपालिकाले प्रदान गर्ने सेवामा सेवा शुल्क र दस्तुरको दर **अनुसूची-१२** मा उल्लेख भएबमोजिम हुनेछ ।

अनुसूची -११

(ऐनको दफा १२ सँग सम्बन्धित)

पार्कमा चलचित्र छायाँकन तथा प्रवेश शुल्क

लेखा कोडः १४२१९ कम्प्युटर कोडः३०४०

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	पार्क क्षेत्रभित्र स्वदेशी चलचित्र छायाँकन गरेको	प्रति दिन	१५००/-	
२	**प्रवेश शुल्क निम्न दरमा उठाउनु पर्नेछ**	प्रति दिन		
२.१	सवारीसाधन भित्र रहेका वा पैदल हिड्ने प्रतिव्यक्ति पटके	प्रति दिन	२०/-	
२.२	सवारीसाधन भित्र रहेका वा पदैल हिड्ने विद्यार्थी पटके	प्रति दिन	१०/-	
२.३	बिदेशी व्यक्ति प्रतिव्यक्ति	प्रति दिन	१००/-	
२.४	सार्क राष्ट्र प्रतिव्यक्ति	प्रति दिन	५०/-	

अनुसूची -१२

(ऐनको दफा १२ सँग सम्बन्धित)

सेवा शुल्क तथा दस्तुर दर

१. निः शुल्क सेवा

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१		सामाजिक सुरक्षा सम्बन्धी सम्पुर्ण सिफारिस		निः शुल्क	
२		दैविक प्रकोप सिफारिस		निः शुल्क	
३		उपचार सम्बन्धी सम्पूर्ण सिफारिस		निः शुल्क	
४		आर्थिक अवस्था कमजोर, विपन्नता, गरिब तथा असहाय प्रमाणित सिफारिस		निः शुल्क	
५		जन्म, मृत्यु, विवहा, बसाईसराई, सम्बन्ध बिच्छेद (३५ दिन भित्र दर्ता गरेमा)		निः शुल्क	
६		विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस		निः शुल्क	
७		आर्थिक आवस्था कमजोर वा विपन्नता प्रमाणित		निः शुल्क	
८		गाउँपालिका भित्र आन्तरिक निकाय विचको सिफारिस (जस्तैः उपभोक्ता समिति सम्बन्धी सिफारिस)		निः शुल्क	
९		वंशज र बैवाहिक अंगिकृत नागरिकता सम्बन्धी सिफारिस		निः शुल्क	
१०		अंगिकृत नागरिकता सनाखत सिफारिस		निः शुल्क	
११		पेन्शन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस		निः शुल्क	

२. अन्य पूर्वाधार सेवा उपयोग कर ११४५२

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	३०१३	स्थायी संरचना शुल्क	प्रति घर	५०००/-	

३. डिपबोरिङ्ग अनुमति शुल्क १४२१९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१		सेवा मुलक व्यवसायिक संस्थाहरुको लागि (एक भन्दा बढी वडाहरु समेटेर खानेपानि वितरण गर्ने उपभोक्ता समिति वा शैक्षिक तथा अन्य संघसंस्थाहरुको लागि)	एक पटक	२५०००/-	
२		व्यवसायिक प्रयोजनको लागि (होटल व्यवसाय, मिनिरल वाटर फ्याक्ट्री, ट्रङ्कर मार्फत खानोपानी वितरण तथा अन्य व्यवसायिक प्रयोजनको लागि)	एक पटक	५००००/-	

४. गा.पा.का स्वामित्वमा रहेका शौचालयहरु प्रयोग शुल्क १४२१९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	००१	दिशा	पटक	५/-	
२		पिसाब	निःशुल्क		
३		स्नान	पटक	२०/-	
४		२ पाङ्गरे गाडी	पटक	५०/-	
५		३ पाङ्गरे गाडी		७५/-	
६		४ पाङ्गरे गाडी		१००/-	

५. न्यायिक दस्तुर १४२२१

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११३८	मुद्दा सम्बन्धी निवेदन दर्ता	पटक	१५०/-	
२		न्यायीक समिति प्रतिउत्तर दर्ता	पटक	१००/-	
३		नक्कल दस्तुर (५ पाना सम्म)	एकमुष्ट	१०/-	
४		नक्कल दस्तुर (५ पाना भन्दा माथि)	प्रति पाना	५/-	
५		मिलापत्र दस्तुर	पटक	१००/-	
६		अन्य न्यायिक दस्तुर	पटक	५०/-	
७		वकालत सम्बन्धी इजाजत पत्र सम्बन्धी दस्तुर	पटक	२००/-	

६. ठेक्का फारम तथा नक्सापास किताव विक्री दस्तुर १४२२९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	१००२	सबै प्रकारका निवेदन दस्तुर	पटक	५०/-	
२	३०४३	दरभाउपत्र फारम विक्री	पटक	१०००/-	
३	३०३०	बोलपत्र फारम विक्री	पटक	३०००/-	
४	३०५४	नक्सापास किताव	गोटा	५००/-	

७. "घ" वर्गको इजाजत पत्र दस्तुर १४२२९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११५४	निवेदन दर्ता	पटक	२५/-	
२	१०९२	इजाजतपत्र दस्तुर	पटक	५०००/-	
३	१०९३	इजाजतपत्र नवीकरण	पटक	२०००/-	
४	१०९४	इजाजतत्र प्रतिलिपी दस्तुर	पटक	१०००/-	

८. व्यवसाय दर्ता दस्तुर १४२२९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११५१	१ लाखसम्मको पुजी भएको	बार्षिक	३००/-	
		१ लाख भन्दा माथि ५ लाखसम्मको पुजी भएको	बार्षिक	५००/-	
२		५ लाख भन्दामाथि २५ लाखसम्मको पुजी भएको	बार्षिक	१०००/-	
३		२५ लाख भन्दा माथि ५० लाखसम्मको पुजो भएको	बार्षिक	१००००/-	
४		५० लाख भन्दा माथि पुजी भएको	बार्षिक	२००००/-	

९. व्यवसाय नविकरण दस्तुर १४२२९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११५१	१ लाखसम्मको पुजी भएको	बार्षिक	२००/-	
		१ लाख भन्दा माथि ५ लाखसम्मको पुजी भएको	बार्षिक	३००/-	
२		५ लाख भन्दामाथि २५ लाखसम्मको पुजी भएको	बार्षिक	५००/-	
३		२५ लाख भन्दा माथि ५० लाखसम्मको पुजो भएको	बार्षिक	१०००/-	
४		५० लाख भन्दा माथि पुजी भएको	बार्षिक	५०००/-	

१०. विभिन्न सिफारिस १४२४३

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	१०३१	उल्लेख भएका बाहेक सबै सिफारिस	पटक	२००/-	
२	१०१७	नाम, थर, संशोधन सिफारिस	पटक	२००/-	
३	१०१९	जन्म मिति, नाम थर प्रमाणित	पटक	२००/-	
४	१०२४	घर जग्गा नामसारी सिफारिस	पटक	२००/-	
५	११०२	घर कायम सिफारिस	पटक	२००/-	
६	११०५	स्थायी बसोबास सिफारिस	पटक	२००/-	
७	१११०	व्यवसाय बन्द/संचालन नभएको सिफारिस	पटक	१५००/-	
८	१०१८	धारा/बिजुली जडान सिफारिस	पटक	५००/-	
९	१०२०	घर, ब्लक नं. सिफारिस	पटक	५००/-	
१०	३०२९	कर चुक्ता प्रमाणीत	पटक	५००/-	
११	१०१६	डिलरसिप सिफारिस	पटक	१०००/-	
१२	१११३	उद्योग दर्ता सिफारिस/उद्योग ठाउँसारी	पटक	१०००/-	
१३	१०१२	छुट जग्गादर्ता सिफारिस	धुर	२००/-	
१४	१०३७	अंगिकृत नागरिकता सिफारिस	पटक	२०००/-	
१५		मोहीको लगत कट्टा सिफारिस	पटक	५००/-	
१६		हकवाला संरक्षण सम्बन्धी सिफारिस	पटक	१००/-	

१७		व्यवसाय बन्द, संचालन नभएको वा व्यवसाय नभएको सिफारिस	पटक	१५००/-	
१८		घरजग्गा मुल्याङ्कन सिफारिस	प्रति हजार	१/-	
१९		पालनपोषणको सिफारिस	पटक	१००/-	
२०		धारा जडान वा विद्युत जडानको सिफारिस	पटक	२००/-	
२१		थ्रि फेज लाईन विद्युत जडान सिफारिस	पटक	५०००/-	
२२		बन पैदावार सम्बन्धि सिफारिस	पटक	५००/-	
२३		तमसुकको रोहवरमा बसेवापत (प्रति हजार)	पटक	०.५०/-	
२४		लेनदेन कागज प्रमाणित (प्रति हजार)	पटक	०.५०/-	
२५		ना.प्र.नं. र फोटो टाँस सिफारिस	पटक	२००/-	
२६		मोठ कायम सिफारिस (कच्ची घर)	पटक	२००/-	
२७		मोठ कायम सिफारिस (पक्की घर)	पटक	२००/-	
२८		दा.खा. नामसारी श्रेष्ता कार्यान्वयनः तीन पुस्ते सिफारिस	पटक	३००/-	
२९		छुट जग्गा दर्ता सिफारिस	प्रति कित्ता	३००/-	
३०		वि टि एस टावरको सिफारिस	पटक	५०००/-	
३१		आन्तरिक बसाईसराई सिफारिस	पटक	३००/-	
३२		रुख कटान सिफारिस	प्रति वटा	१५०/-	
३३		घरेलु व्यवसाय सिफारिस (पसल,गाईभैसी,बाख्रा,डेरी ईत्यादि)	प्रति वटा	५००/-	

११. मालपोत सिफारिस १४२४३

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१		मालपोत कार्यालयलाई घर, बाटो सिफारिस (घडेरी जग्गाको क्षेत्रफल १० धुरसम्म)	पटक	१५०/-	
२		मालपोत कार्यालयलाई घर, बाटो सिफारिस (घडेरी जग्गाको क्षेत्रफल १ कठ्ठा सम्म)	पटक	३००/-	
३		मालपोत कार्यालयलाई घर, बाटो सिफारिस (घडेरी जग्गाको क्षेत्रफल १ कठ्ठा भन्दा माथि ५ कठ्ठा सम्म)	पटक	५००/-	
४		मालपोत कार्यालयलाई घर, बाटो सिफारिस (घडेरी जग्गाको क्षेत्रफल ५ कठ्ठा भन्दा माथि)	पटक	१०००/-	
५		मालपोत कार्यालयलाई घर, बाटो सिफारिस (खेतीयोग्य जग्गाको क्षेत्रफल ५ कठ्ठासम्म)	पटक	३००/-	

६		मालपोत कार्यालयलाई घर, बाटो सिफारिस (खेतीयोग्य जग्गाको क्षेत्रफल ५ कठ्ठा भन्दा बढि १ बिघासम्म भएमा)	पटक	५००/-	
७		मालपोत कार्यालयलाई घर, बाटो सिफारिस (खेतीयोग्य जग्गाको क्षेत्रफल १ बिघा भन्दा बढी भएमा)	पटक	१०००/-	

१२. चार किल्ला प्रमाणित दस्तुर १४२४३

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१		चार किल्ला प्रमाणित औद्योगिक प्रयोजनको हकमा	प्रति धुर	२०/-	
२		चार किल्ला र चौहदी प्रमाणित आवासिय प्रयोजनको हकमा	प्रति धुर	१०/-	
३		चार किल्ला र चौहदी प्रमाणित कृषि प्रयोजनको हकमा	प्रति धुर	५/-	

१३. घरबाटो प्रमाणित दस्तुर (अंश प्रयोजनका लागि लाग्ने दस्तुरको पचास प्रतिशत मात्र) १४२४३

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
क	**त्रिभुवन/महेन्द्र राजमार्ग (बिरगंज/पथलैया) सँग जोडिएको जग्गाहरु**				
१	१०५४	६ धुर सम्म	पटक	८००/-	
२	१०५६	१२ धुर	पटक	१५००/-	
३	१०५७	१ कठ्ठा सम्म	पटक	२५००/-	
४	२०५८	१ कठ्ठा देखि माथि प्रति धुर थप	पटक	७५/-	
ख	**अन्य पक्की/ढलान बाटोसँग जोडिएका जग्गाहरु**				
१	१०६३	६ धुर सम्म	पटक	६००/-	
२	१०६४	१२ धुर	पटक	८००/-	
३	१०६५	१ कठ्ठा सम्म	पटक	१२००/-	
४	२०६६	१ कठ्ठा देखि माथि प्रति धुर थप	पटक	५०/-	
ग	**कच्ची बाटोसँग जोडिएका जग्गाहरु**				
१	१०७०	६ धुर सम्म	पटक	४००/-	
२	१०७१	१२ धुर	पटक	६००/-	
३	१०७२	१ कठ्ठा सम्म	पटक	८००/-	
४	२०७५	१ कठ्ठा देखि माथि प्रति धुर थप	पटक	२५/-	
घ	**बाटोले नछोएका जग्गाहरु**				
१	१०८६	६ धुर सम्म	पटक	२००/-	
२	१०८७	१ कठ्ठासम्म	पटक	५००/-	
३	२०८८	१ कठ्ठा देखि माथि प्रति धुर थप	पटक	१०/-	
ङ		**पुर्जामा घर कायम (पक्की घर)**	पटक	३००/-	

च		**पुर्जामा घर कायम (कच्ची घर)**	पटक	२००/-	
छ		**जग्गा धनि पुर्जा हराएको**	पटक	३००/-	
झ		**कागज र मन्जुरीनामा प्रमाणित**	पटक	२००/-	

१४. घटना दर्ता दस्तुर १४२४४

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	१०३४	नागरिकता सिफारिस	पटक	१००/-	
२		नागरिकता प्रतिलिपी सिफारिस	पटक	१००/-	
३	३०२३	जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद (समयभित्र दर्ता नगरेमा)	पटक	२००/-	
४	३०२४	घटना दर्ता प्रतिलिपी (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद)	पटक	५००/-	
५		विवाह प्रमाणित तथा अविवाहति प्रमाणित (नेपालीमा)	पटक	२००/-	
६		व्यक्तिगत विवरण प्रमाणित	पटक	२००/-	

१५. नाता प्रमाणित दस्तुर १४२४५

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	१०३३	नाता प्रमाणित (मृतकसंग सम्बन्धित भएमा)	पटक	१००/-	
२		अन्य नाता प्रमाणित (नेपालीमा)	पटक	१५०/-	
३		अन्य नाता प्रमाणित (अंग्रेजीमा)	पटक	३००/-	
४		संगोल/एक्कल परिवार प्रमाणित	पटक	३००/-	

१६. विभिन्न दस्तुर तथा सेवा शुल्क १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११७४	सम्पत्ति कर प्रतिलिपी	पटक	२००/-	
२	११२१	घर पाताल प्रमाणित	पटक	२००/-	
३	१००५	उजुरी-सबै प्रकारको सामान्य	पटक	२००/-	
४	११००	सर्जमिन मुचुल्का दस्तुर	पटक	५००/-	
५	१११९	कोठा खोल्ने कार्य/रोहवरमा बस्ने कार्य	पटक	५००/-	
६	११२२	कामकाज/मन्जुरीनामा प्रमाणित	पटक	५००/-	
७	११२३	हकवाला वा हकदार प्रमाणित	पटक	५००/-	
८	११२४	अविवाहित प्रमाणित	पटक	५००/-	
९	१०३०	अपुताली सिफारिस प्रतिरोपनी	पटक	१०००/-	
१०	११७५	अंश भर्पाइ दस्तुर	पटक	५००/-	
११	१०१५	व्यवसाय नामसारी शुल्क रु.	पटक	५००/-	

१२	१००८	विर्ता जग्गा दर्ता नामसारी	प्रतिकित्ता	५००/-	
१३	१००६	जोत नामसारी सिफारिस	प्रति कठ्ठा	१०००/-	
१४	१००९	जोत छोटपत्र र लागत कट्टा	प्रतिकित्ता	१०००/-	
१५	१०१०	गुठी जग्गा राज गुठीमा र रैतान नं. परिणत दर्ता नामसारी प्रतिकठ्ठा	प्रतिकित्ता	१०००/-	
१६	११२५	जग्गा रेखाङ्कन कार्य	पटक	१०००/-	
१७	३०४२	सार्वजनिक संरचना मर्मत सेवा शुल्क	बार्षिक	५०००/-	
१८	३०२०	पक्की/ढलान सडक कटान दस्तुर प्रति वर्गमिटर घरौटी	प्रति वर्गमिटर	५०००/-	
१९	३०१४	गाउँपालिकाको अमिनको सेवा लिन चाहेमा सेवा शुल्क बापत	पटक	१५००/-	
२०	११०६	आर्थिक आवस्था बलियो वा सम्पन्नमा प्रमाणित	पटक	१०००/-	
२१		साधारण सिफारिस दस्तुर (मधेशी, दलित, आदिवासी लगायत अन्य)	पटक	१००/-	
२२		चरित्र सिफारिस दस्तुर (नेपाली)	पटक	१००/-	
२३		चरित्र सिफारिस दस्तुर (अंग्रेजी)	पटक	१००/-	
२४		बैदेशिक सिफारिस दस्तुर (भारतको लागि)	पटक	२००/-	
२५		बैदेशिक सिफारिस दस्तुर (भारत बाहेकको मुलुकको लागि)	पटक	५००/-	
२६		सडक पिच कटान दस्तुर (चौडाई १ फिट कम भएमा प्रति रनिङ फिट र बढी भएमा प्रति वर्गफिट)	पटक	१०००/-	
२७		व्यवसायिक बजार सञ्चालन दर्ता सिफारिस दस्तुर	पटक	५००/-	
२८		जग्गा नापी दस्तुर (१ कित्ता)	पटक	१५००/-	
२९		जग्गा नापी दस्तुर (१ कित्ता भन्दा बढी प्रति कित्ता)	पटक	१०००/-	
३०		सुचीदर्ता दस्तुर	पटक	२००/-	
३१		साधारण निवेदन दर्ता दस्तुर	पटक	१०/-	
३२		नागरिकता अनुसूची र प्रतिलिपि फारम (नेपाली कागज)	पटक	२०/-	
३३		नागरिकता अनुसूची बाहेकका सबै फारम मूल्य	पटक	१०/-	
३४		लोग्ने स्वास्नी सम्बन्ध विच्छेद सम्बन्धि निवेदन दस्तुर	पटक	५००/-	
३५		साध सिमाना सम्बन्धि उजुरी एवं निवेदन दस्तुर	पटक	१००/-	
३६		मिलापत्र एवं सहमतिको निवेदन दस्तुर	पटक	१००/-	
३७		घरनक्सा पास प्रयोजनको लागि गाउँपालिको अमिन खटाउँदा लाग्ने निवेदन दस्तुर	प्रति कित्ता	३०००/-	
३८		महिला समूह/कृषक समूह दर्ता	पटक	५००/-	
३९		ठूलो उद्योग नाम संसोधन/परिवर्तन दस्तुर	पटक	५०००/-	

४०		मेलमिलाब कर्ताको आवेदन दस्तुर	पटक	१००/-	
४१		सहकारी संस्था दर्ता	पटक	१२०००/-	
४२		कृषि सहकारी संस्था लि. नविकरण	पटक	५००/-	
४३		टेक्टर	प्रति ट्रिप	२५/-	

१७. बैदेशिक प्रयोजनका लागि अङग्रेजीमा सिफारिस १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	३०२७	नाता प्रमाणित	पटक	५००/-	
२	३०२८	जन्म प्रमाणित	पटक	५००/-	
३	३०५५	विवाहित र अविवाहित प्रमाणित	पटक	५००/-	
४	११००	सबै प्रकारका अंग्रेजी डकुमेन्ट	पटक	५००/-	

१८. बार्षिक आम्दानी प्रमाणित तथा रकम कलम उठाएको दस्तुर १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	३०५७	सम्पत्ती मूल्यांकन वैदेशिक प्रयोजन (अंग्रेजी)	पटक	३०००/-	
२	३०५२	सम्पत्ती मूल्यांकन दस्तुर नेपालीमा	पटक	२०००/-	
३	३०३१	आम्दानी प्रमाणित (परिवारको बार्षिक आय पाँच लाख भन्दा कम भएमा)	पटक	५००/-	
४		आम्दानी प्रमाणित (परिवारको बार्षिक आय पाँच लाख भन्दा बढी भएमा)	पटक	१०००/-	
५	४००६	न्यायीक प्रक्रियाबाट रकम कलम उठाइ दिएमा उठेको रकमको प्रशासनिक शुल्क	पटक	५००/-	

१९. ढल निकास जडान तथा अवलोकन सेवा शुल्क १४२४९

सि.नं.		कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१		३०१०	ढल निकास जडान सेवा शुल्क पुरानो घर	प्रति घर	३०००/-	
२		३००९	ढल निकास जडान सेवा शुल्क नयाँ घर निर्माण	प्रति घर	५०००/-	
३		३०११	अनुमति नलिई पुरानो घरको ढल जडान गर्दा	प्रति घर	५०००/-	

२०. हाउजिङ्ग शुल्क तथा प्लटिङ्ग सिफारिस दस्तुर १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११२९	जग्गा प्लटिङ्ग सिफारिस दस्तुर	प्रति कठ्ठा	५०००/-	
२	११३०	जग्गा प्लटिङ्ग सेवा शुल्क	प्रति कठ्ठा	७०००/-	
३	११३२	घडेरी खार्नु वा घडेरी पुर्नु पर्दा	प्रति घ.मि.	३/-	
४	११३३	जग्गा प्लटिङ्ग क्षेत्रमा विगत बर्ष देखी घडेरी किनी बसेकालाई सिफारिस लिन आउदा	प्रति धुर	२००/-	
५	११५५	हाउजिङ्ग अनुमति शुल्क	प्रति धुर	७०००/-	

२१. विद्यालय संचालन अनुमति/स्वीकृत, कक्षा वृद्धि अनुमति/स्वीकृत, विषय थप अनुमति/स्वीकृत/नाम परिवर्तन/ठाउँसारी १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	१११४	आधारभूत तहहरु (संस्थागत)	पटक	७०००/-	
२	१११५	माध्यमिक तह (संस्थागत)	पटक	१००००/-	
३	१११६	आधारभूत थप कक्षा सिफारिस (संस्थागत)	पटक	२०००/-	
४	१११७	माध्यमिक थप कक्षा सिफारिस (संस्थागत)	पटक	३०००/-	
५	१११८	सामुदायिक विद्यालय	पटक	निःशुल्क	

२२. कित्ताकाट सिफारिस १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	१००१	कित्ताकाट गर्न (अंशबण्डा र व्यक्तिगत प्रयोजनलाई)	पटक	५००/-	
२	१००२	५ कठ्ठा सम्म	एकमुष्ठ	७०००/-	
३	१००३	५ कठ्ठा भन्दा माथि	एकमुष्ठ	१००००/-	
४		हकवाला र हकदार सिफारिस	पटक	३००/-	
५		नामसारी गर्न सिफारिस	पटक	२००/-	
६		जग्गाको हक सम्बन्धि सिफारिस	पटक	२००/-	
७		उद्योग ठाँउसारी (बाह्य क्षेत्रबाट गाउँपालिकामा सार्न)	पटक	५००/-	
८		उद्योग ठाँउसारी (गाउँपालिका क्षेत्रबाट बाह्य सार्न)	पटक	१५००/-	
९		उद्योग ठाँउसारी (गाउँपालिका क्षेत्र भित्रै ठाँउसारी गर्न)	पटक	५००/-	
१०		उद्योगको सर्जिमिन गर्न	पटक	१०००/-	
११		सामान्य सर्जिमिन गर्न	पटक	३००/-	

१२		निजी विद्यालयको ठाँउसारी (बाह्य क्षेत्रबाट गाउँपालिकामा सार्न)	पटक	५००/-	
१३		निजी विद्यालयको ठाँउसारी (गाउँपालिका क्षेत्रबाट बाह्य सार्न)	पटक	१०००/-	
१४		निजी विद्यालयको ठाँउसारी (गाउँपालिका क्षेत्र भित्रै ठाँउसारी गर्न)	पटक	३००/-	

२३. अन्तराष्ट्रिय/गैसस सिफारिस दस्तुर १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	१०९४	अन्तराष्ट्रिय गैसस	पटक	५०००/-	
२	१०९८	राष्ट्रिय गैसस	पटक	१०००/-	
३	१०९७	अन्य गैसस क्लब	पटक	५००/-	
४	११५७	पूर्व सहमति सिफारिस ५० लाख सम्म	पटक	५०००/-	
५	११५८	पूर्व सहमति सिफारिस ५० लाख माथि	पटक	१००००/-	

२४. घरायसी लेनदेनको कागज रोहबर प्रमाणिकरण दस्तुर १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११६०	५ लाखसम्म	पटक	५००/-	
२		५ लाख माथि थप प्रति लाख	पटक	१००/-	

२५. विद्युत,टेलिफोन पोल शुल्क १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११७३	सिमेन्ट पोल प्रतिवर्ष प्रति पोल	बार्षिक	६००/-	
२		काठको पोल प्रति वर्ष प्रति पोल	बार्षिक	८००/-	
३		फलामको पोल प्रति वर्ष प्रति पोल	बार्षिक	८००/-	

२६. विद्युत ट्रान्सफर्मर शुल्क १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	११६३	सिमेन्ट पोल प्रति ट्रान्सफर्मर	बार्षिक	८००/-	
२		काठको पोल प्रति ट्रान्सफर्मर	बार्षिक	१२००/-	
३		फलामको पोल प्रति ट्रान्सफर्मर	बार्षिक	१२००/-	

२७. टावर शुल्क १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१		मोबाईल टावर	बार्षिक	१५०००/-	
२	११६४	दुर सञ्चार टावर	बार्षिक	७०००/-	
३		एफ.एम रेडियो टावर	बार्षिक	५०००/-	

२८. भवन सम्बन्धी सिफारिस १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	१०२०	घर ब्लक नं. दस्तुर	प्रति घर	५२५/-	
२	११७७	भवन घर निर्माण गर्ने व्यक्ति (ठेकेदार)	प्रति घर	१०००/-	
३	११७३	घर नक्शा-पास उजुरी दस्तुर	प्रति घर	३०००/-	
४		आंशिक निर्माण सम्पन्न सिफारिस	प्रति घर	५००/-	
५		घर नक्सा पास फाराम	प्रति घर	५००/-	
६		घर नक्साको प्रतिलिपि	प्रति घर	५००/-	
७		घर नक्साको सम्पन्न प्रमाण-पत्र	प्रति घर	१०००/-	

२९. गाउँपालिकाबाट जिल्लान्तर सरुवा भइ जाने/आउने तथा अन्तर पालिका एवं जिल्ला तहमा शिक्षकको सरुवा सहमति र अभिलेखिकरण शुल्क १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१		अन्तर जिल्ला माध्यमिक	पटक	३०००/-	
२		अन्तर जिल्ला निम्न माध्यमिक	पटक	२०००/-	
३		अन्तर जिल्ला प्राथमिक	पटक	१०००/-	
४	३०९९	अन्तर पालिका माध्यमिक	पटक	२०००/-	
५		अन्तर पालिका निम्न माध्यमिक	पटक	१०००/-	
६		अन्तर पालिका प्राथमिक	पटक	५०००/-	
७		अभिलेखिकरण	पटक	१०००/-	

३०. काठ दाउरा निकासी शुल्क १४२४९

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	३०३५	दाउरा निकासी	प्रति ट्रक	५००/-	
२		काठ निकासी	प्रति ट्रक	१०००/-	

३१. रेडियो/एफ.एम. दस्तुर १४२५४

सि.नं.	कम्प्युटर कोड	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१		रेडियो/एफ.एम. संचालन दस्तुर	बार्षिक	५००००/-	
२		रेडियो/एफ.एम. नविकरण	बार्षिक	१५०००/-	

१३. विक्री तथा निकासी शुल्कः (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदी प्राकृतिक एवं खानिजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ ।

२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सीमाक्षेत्रभन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदी प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर **अनुसूची-१३** मा तोकिए बमोजिम हुनेछ ।

४) कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र कामनलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलामविक्री गर्न सक्नेछ ।

५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ ।

६) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमबाट गरिने छ ।

अनुसूची -१३

(ऐनको दफा १३ सँग सम्बन्धित)

बिक्री तथा निकासी शुल्क दस्तुरको कर

लेखा कोडः १४१५७ कम्प्युटर कोडः

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	प्रस्तावित दर	कैफियत
१	स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ (१) (च) बमोजिम ढुंगा, गिट्टी, स्लेट, बालुवा, चुनढुंगा, खरीढुंगा, अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश कानून अनुसार हने ।		प्रदेश कानून अनुसार	

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाइनेछ ।

२) उपदफा (१) बमोजिम उठेको रकम प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

१५. **नक्शापास दस्तुरः** गाउँपालिका क्षेत्रभित्र निर्माण हुने संरचनाको नक्सा पास गर्दा लाग्ने दस्तुर **अनुसूची-१४** बमोजिम लगाईने तथा असूल उपर गरिनेछ ।

अनुसूची -१४

(ऐनको दफा १५ सँग सम्बन्धित)

नक्सा पास तथा नामसारी दस्तुर

लेखा कोडः १४२४२ कम्प्युटर कोडः१०९९

सि.नं.	विवरण	इकाई	प्रस्तावित दर	कैफियत
क) नक्सा पास दस्तुर				
१	सुर्खिचुना जोडाई प्रतिघर	प्रति बर्गफिट	५/-	
२	माटो जोडाईको घर	प्रति बर्गफिट	५/-	
३	अस्थायी टहरा ५०० प्रति बर्गफिट सम्म	प्रति बर्गफिट	५/-	
४	अस्थायी टहरा ५०० प्रति बर्गफिट भन्दा माथि	प्रति बर्गफिट	१०/-	
५	सिमेन्ट जोडिईको पक्की भुईतल्ला मात्र	प्रति बर्गफिट	१०/-	
६	सिमेन्ट जोडिईको पक्की भुईतल्ला भन्दा माथि	प्रति बर्गफिट	१२/-	
७	होटल व्यवसाय, पोल्ट्रिफम, उद्योय, अस्पताल, विश्वविद्यालय र सपिङ कम्प्लेक्सको लागि प्रति बर्गफिछ	प्रति बर्गफिट	२०/-	
८	त्रिभुवन/महेन्द्र राजमार्ग (बिरगंज/पथलैया) क्षेत्रका हकमा प्रति बर्गफिट रु	प्रति बर्गफिट	१५/-	
९	कम्पाउण्ड वाल सिमेन्ट जाडाई प्रति बर्ग फिट	रनिङ्ग फिट	८/-	
१०	जम्मा क्षेत्रफल ५००० बर्ग फिट भन्दा माथि	प्रति बर्गफिट	२०/-	
११	माटोको जोडाईले ट्रस्ट लगाई काठ प्रयोग गरी बनाईएको घरहरु (कच्ची) व्यवसायिक प्रयोजनका लागि प्रति वर्ग फिट रु.	प्रति बर्गफिट	६/-	
ख)	**नक्सा नामसारी दस्तुर**			
१	पारिवारिक	प्रति बर्गफिट	५/-	
२	व्यवसायिक	प्रति बर्गफिट	१०/-	
३	भवन ऐनले तोकेको "क" र "ख" वर्गका भवनहरुको स्टक्टर विश्लेशण र छलफल गर्नु पर्ने भएकोले यसको लागि गा.पा.लाई विज्ञ परार्शदाता आवश्यक पर्ने देखिदा यस्ता घरहरुको अतिरिक्त शुल्क	प्रति बर्गफिट	२/-	

४	स्थानीय सरकार संचार ऐन २०७४ को दफा ३८ बमोजिम भवन निर्माण अवधि २ बर्ष हुनेछ र दफा ३ बमोजिम २ बर्षमा म्याद थप गर्न सकिनेमा स्थानीय सरकार संचार ऐन २०७४ को दफा ३८ (३) बमोजिमको दस्तुर लाग्ने		पहिलेको दस्तुरको ५ प्रतिशत	
५	साविक गाविस हुदाँ बनेका घरहरुको नियमानुसारको प्रक्रिया पुरा गरी घर नक्सा अभिलेखीकरण आएमा गाउँपालिकाको नियमित दस्तुर लिइ अभिलेखीकरण गरिनेछ ।		नियमित शुल्क	
६	भवन निर्माण गर्न अनुमति पाई समय भित्रै (नियमानुसारको म्याद थप भएका समेत) भवन निर्माण सम्पन्न गरी निर्माण सम्पन्न प्रतिवेदन लिइ आएमा		नि:शुल्क	
७	भवन निर्माण गर्न अनुमति पाई समय भित्रै (नियमानुसारको म्याद थप भएका समेत) भवन निर्माण सम्पन्न नभइ आंसिक मात्र निर्माण भएका घरको हकमा हाल तल्ला थप गर्दा तल्ला थपको प्रकृया अपनाउनु पर्ने यसरी प्रकृया अपनाउदा भवन सम्बन्धी मापदण्ड र आचार संहिता अनुसार अनुमति दिइ हालको नियमित दस्तुर लाग्ने		नियमित दस्तुर	

नक्सा पास सम्बन्धी दस्तुरको दर (नयाँ घर निर्माण गर्दा लाग्ने नक्सा पास)

क्र.सं.	तल्ला	आवासिय भवन		व्यापारिक भवन संस्थागत		औद्योगिक भवन		
		आ.सी.सी. फ्रेम स्ट्रक्चर	लोड वेयरिङ्ग वाल स्ट्रक्चर	आ.सी.सी. फ्रेम स्ट्रक्चर	लोड वेयरिङ्ग वाल स्ट्रक्चर	आ.सी.सी. फ्रेम स्ट्रक्चर	लोड वेयरिङ्ग वाल स्ट्रक्चर	ट्रस गोदाम
१	भुई तल्ला (प्रति वर्ग फिट)	२.५	२.०	४	३.५	४.५	४	६
२	पहिलो तल्ला (प्रति वर्ग फिट)	३.०	२.५	४.५	४	५	४.५	०
३	दोश्रो तल्ला (प्रति वर्ग फिट)	४	३.५	५	४.५	५.५	५	०

४	तेश्रो तल्ला (प्रति वर्ग फिट)	४.५	४	५.५	५	६	५.५	०
५	सो भन्दा माथिको	६	४.५	६.५	५.५	७	६	०
६	कम्पाउण्ड वाल (प्रति वर्ग फिट)	१.५		१.५		२		०

नक्सा पास सम्बन्धी दस्तुरको दर (पुरानो निर्माण भएको घरको नक्सा पास नियमित गराउँदा लाग्ने दस्तुर)

क्र.सं.	तल्ला	आवासिय भवन		व्यापारिक भवन संस्थागत		औद्योगिक भवन		
		आ.सी.सी. फ्रेम स्ट्रक्चर	लोड वेयरिङ्ग वाल स्ट्रक्चर	आ.सी.सी. फ्रेम स्ट्रक्चर	लोड वेयरिङ्ग वाल स्ट्रक्चर	आ.सी.सी. फ्रेम स्ट्रक्चर	लोड वेयरिङ्ग वाल स्ट्रक्चर	ट्रस गोदाम
१	भुई तल्ला (प्रति वर्ग फिट)	२.५	२.०	३.५	३	४	३.५	५.५
२	पहिलो तल्ला (प्रति वर्ग फिट)	३.०	२.५	४	३.५	४.५	४	०
३	दोश्रो तल्ला (प्रति वर्ग फिट)	३.५	३	४.५	४	५	४.५	०
४	तेश्रो तल्ला (प्रति वर्ग फिट)	४	३.५	५	४.५	५.५	५	०
५	सो भन्दा माथिको	५	४	६	५	६.५	५.५	०
६	कम्पाउण्ड वाल (प्रति वर्ग फिट)	१		१.५		१.५	२	०

१६. सरसफाई शुल्कः गाउँपालिका क्षेत्रभित्र सरसफाई सेवा दिए वापतको सरसफाई शुल्क **अनुसूची-१५** बमोजिम लगाईने तथा असूल उपर गरिनेछ ।

अनुसूची -१५

(ऐनको दफा १६ सँग सम्बन्धित)

सरसफाई सेवा शुल्क

लेखा कोडः १४२१९

सि.नं.	कम्प्युटर कोड	विवरण	इकाई	प्रस्तावित दर	कैफियत
क.	**घरको सरसफाइ शुल्क**				
१	५००१	आवाशिय घर	मासिक	५०/-	
नोटः स्वयम घर धनीले व्यवसाय गरेको रहेछ भने घरको सरसफाइ शुल्कमा ५०% छुट दिइनेछ ।					
ख. होटल, रिसोर्ट तथा अन्य					
१	५००५	क वर्गको होटल तथा रिसोर्ट	मासिक	५०००/-	
२	५००६	ख वर्गको होटल तथा रिसोर्ट	मासिक	३०००/-	
३	५००७	ग वर्गको होटल तथा रिसोर्ट	मासिक	२०००/-	
४	५००८	घ वर्गको होटल तथा रिसोर्ट	मासिक	१०००/-	
५	५००९	रेष्टुरेण्ट/गेष्टहाउस/लज	मासिक	३००/-	
६	५०२७	खाजाघर	मासिक	२००/-	
७	५०१०	साधारण पसल	मासिक	५०/-	
ग पार्टि प्यालेस/पार्टि भेन्यू/बेङक्वेट/तालिम केन्द्र					
१	५०१३	मनोरञ्जन पार्क/पिकनिक स्पट	मासिक	५००/-	
२	५०१२	तालिम केन्द्र	मासिक	७००/-	
३	५०११	पार्टि प्यालेस/पार्टि भेन्यू/बेङक्वेटका लागि	मासिक	५००/-	
घ तरकारी तथा फलफुल पसल					
१	५०१४	थोक तथा फलफुलका लागि	मासिक	२००/-	
२	५०१५	खुद्रा बिक्रेताका लागि	मासिक	५०/-	
ङ अस्पताल तथा नर्सिङ्ग होम					
१	५०१६	अस्पतालको लागि	मासिक	२५००/-	
२	५०१७	नर्सिङ्ग होमका लागि	मासिक	१०००/-	
३		पोलिक्लिनिक	मासिक	५००/-	
च गैर-सरकारी कार्यालय/शिक्षण संस्थाहरु					
१	५०२९	गैर सरकारी संस्था/सहकारी/लघुवित्त	मासिक	२००/-	
२	५०१८	सरकारी कार्यालय/बैंक तथा वित्तिय संस्था	मासिक	५००/-	
		शिक्षण संस्था संस्थागत १-५०० विद्यार्थी भएमा	मासिक	१०००/-	
		शिक्षण संस्था संस्थागत ५०१-१००० विद्यार्थी भएमा	मासिक	१५००/-	

		शिक्षण संस्था संस्थागत १००१ भन्दा माथि भएमा	मासिक	२१००/-	
		१ बिगा भन्दा माथि क्षेत्रफल ओगटेको संस्थागत शिक्षण संस्था	मासिक	५०००/-	
छ. पसल/कवाडी/ग्यारेज/उद्योग					
१	५०२१	कवाडी पसल/वोर्कसप	मासिक	१००/-	
२	५०२२	ग्यारेज	मासिक	२००/-	
३	५०२३	घरेलु उद्योग	मासिक	२००/-	
४	५०२४	पोल्ट्री फर्म	मासिक	५००/-	
५	५०२५	पोल्ट्री ह्याचरी फर्म	मासिक	७००/-	
ज. अनकल सर्भिस					
१	५०२६	फोहोर मैला उठाउने अनकल सर्भिस	प्रति ट्रिप	१५००/-	

१७. **दण्ड जरिवानाः** गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा **अनुसूची-१६** बमोजिम हुनेछ ।

अनुसूची -१६

(ऐनको दफा १८ सँग सम्बन्धित)

दण्डजरीवाना सम्बन्धी व्यवस्था

लेखा कोडः १४३१२ कम्प्युटर कोडः ३०३९

सि.नं.	विवरण	इकाई	प्रस्तावित दर	कैफियत
१	अनुमति नलिई जग्गा प्लटिङ्ग गरि अनुमति माग गर्न आएमा शत प्रतिशत जरिवाना लाग्नेछ ।	प्रतिशत	१००%	
२	गा.पा.मा तिर्नुपर्ने कर चालु आ.व.मा नबुझाएमा मालपोत, सम्पत्ति कर बाहेकमा बार्षिक	प्रतिशत	१०%	
३	सम्पत्ति कर प्रत्येक बर्ष नबझाएकाको जरिवाना बार्षिक	प्रतिशत	२०%	
४	भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भएको तर नक्सा पास नगरी डि.पी.सी./घर निर्माण/नक्सा हेरफेर गरी निर्माण गरेका घरको यस गाउँपालिकामा नक्सा पास गर्न आएमा प्राविधिकबाट स्थलगत निरीक्षण र जाँचबुझ गरी तथा साँध साँधियार समेत बुझी भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भएको रहेछ भने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२ (घ) बमोजिमको दस्तुर लिई नक्सा पास गर्न सकिनेछ ।		स्थानीय सरकार संचानल ऐन २०७४ को दफा ४२ घ बमोजिमको दस्तुर	
५	**तोकेको स्थान बाहेक अन्यत्र सडक पेटी, पुरातात्विक सम्पदा स्थालमा सवारी साधन पार्किङ्ग गरेमा**			

क	पहिलो पटक	पटक	५००/-	
ख	त्यस पछि प्रत्येक पटक	पटक	५०००/-	
६	**व्यवसायमूलक सामान सडक पेटीमा राखेमा**			
क	पहिलो पटक	पटक	५००/-	
ख	त्यस पछि प्रत्येक पटक	पटक	५०००/-	
७	**होडिङ्ग बोर्ड, फ्लेक्स बोर्ड, साईनबोर्ड अनुमति नलिइ राखेमा**			
क	पहिलो पटक	पटक	५००/-	
ख	त्यस पछि प्रत्येक पटक	पटक	५०००/-	
८	**सडक सीमा र सार्वजनिक जग्गा अतिक्रमण गरी घर/टहरा/पर्खाल/घेराबार र अन्य संरचना निर्माण गर्ने**			
क	पहिलो पटक (जरीवाना लिएको मितिबाट ३५ दिन भित्र आवश्यक व्यवस्थापन गरिसक्नु पर्ने)	पटक	५०००/-	
९	**तोकिएको ढल प्रशोधन केन्द्रमा जडान भएको शौचालयको ढल बाहेक अन्य शौचालयको रछ्यान (फोहोर) सार्वजनिक स्थानमा खुल्ला छोडेको**			
क	पहिलो पटक (जरीवाना लिएको मितिबाट ३५ दिन भित्र आवश्यक व्यवस्थापन गरिसक्नु पर्ने)	पटक	५०००/-	
१०	**सम्पत्ती कर बिलम्ब शुल्क**			
क	गाउँपालिका क्षेत्रभित्रको जग्गा किनबेच पश्चात सक्कल प्रमाणपूर्जा सहित ३५ दिनभित्र गा.पा.मा सम्पत्ति करमा दर्ता गर्नेलाई निःशुल्क दर्ता गर्ने		निःशुल्क	
ख	गाउँपालिका क्षेत्रभित्रको जग्गा किनबेच पश्चात सक्कल प्रमाणपूर्जा सहित ३५ दिनदेखि १ बर्ष सम्म दर्ता गर्न आएमा	पटक	२००/-	
११	**सार्वजनिक यातायातमा डष्टविन नराखे सवारी साधन**			
क	पहिलो पटक	पटक	५००/-	
ख	त्यस पछि प्रत्येक पटक	पटक	५०००/-	
१२	**निर्माण सामाग्री सार्वजनिक स्थानमा राखेमा**			
क	आवागमन बाधा नपर्ने गरी तिन दिनसम्म		छुट	
ख	त्यस पछिको प्रत्येक दिन	पटक	१५००/-	
ग	दश दिन भित्र नहटाएमा जफत गरिने र बिगो			
१३	**सार्वजनिक सम्पत्ती क्षेती पुर्याएमा लागत अनुमान बमोजिमको रकम ब्यहोर्नु पर्ने (स्वीकृती लिइ जस्तै पाइप बिछ्याउनलाई बाटो खनेमा जस्ता)**			
१४	सार्वजनिक सम्पत्ती क्षेती पुर्याएमा लागत अनुमान बमोजिमको रकम ब्यहोर्नु पर्ने (स्वीकृती नलिई)		लागत अनुमानको दोबर	

१५	**सार्वजनिक स्थल तथा डम्पिङ्ग साइटमा फोहोर फ्यालेमा बुझाउनु पर्ने क्षेतीपूर्ति**			
क	परवानीपुर गाउँबासीले फोहर उठाउन जाने साधन वा डम्पिङ्ग साइट बाहेक अन्यत्र जथाभावी फोहर फ्यालेमा पहिलो पटकको लागि	पहिलो पटक	५००/-	
ख	परवानीपुर गाउँबासीले फोहर उठाउन जाने साधन वा डम्पिङ्ग साइट बाहेक अन्यत्र जथाभावी फोहर फ्यालेमा त्यस पछि प्रत्येक पटकको लागि	त्यसपछि प्रत्येक पटक	१०००/-	
ग	परवानीपुरका गाउँबासी बाहेक अन्यको हकमा परवानीपुर गाउँ क्षेत्रका सार्वजनिक स्थल, सडक, डम्पिङ्ग साइट लगायतका स्थलमा पहिलो पटक खुल्ला/पोका/बोरा जिप भ्यान ट्रिपर ट्रक नोटः यदि फ्यालेको फोहर उठाएर नलगेका दोबर जरीवाना	पहिलो पटक रु	५००/- ७५००/- १५०००/-	
घ	परवानीपुरका गाउँबासी बाहेक अन्यको हकमा परवानीपुर गाउँ क्षेत्रका सार्वजनिक स्थल, सडक, डम्पिङ्ग साइट लगायतका स्थलमा दोहोर्याएमा हरेक पटक खुल्ला/पोका/बोरा जिप भ्यान ट्रिपर ट्रक नोटः यदि फ्यालेको फोहर उठाएर नलगेका दोबर जरीवाना	त्यसपछि प्रत्येक पटकका लागि रु	१०००/- १५०००/- ३००००/-	
१६	सवारी पार्किङ्ग स्थल बाहेक अन्यत्र पार्किङ्ग निषेधित क्षेत्रमा पार्किङ्ग गरेमा पहिलो पटक दुई पाङ्गे सवारी साधन पहिलो पटक चार पाङ्गे सवारी साधन त्यस पछि प्रत्येक पटक		२००/- ५००/- दोबर	
१७	कौसीको पानी सिधै सडक वा सार्वजनिक स्थानमा झारेमा		५००/-	

१८. कर छुटः (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन । तर बार्षक रुपमा तिर्नु पर्ने कर समयमा तिरी सहज सेवा प्रदान गरी नियम सम्मत छुट लिन चाहने सेवाग्राहीहरु र वातावरण संरक्षण तथा स्थानीय जनतालाई निश्चत प्रतिशतमा रोजगारी प्रदान गर्ने उद्योग/व्यवसायलाई **अनुसूची-१७** बमोजिम कर छुट प्रदान गरिनेछ ।

२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभको उद्देश्य नराखी संचालन हुने संघ संस्थाहरुलाई सम्पत्ति कर, नक्शा पास दस्तुर, सरसफाई शुल्क जस्ता कर र दस्तुरहरु लगाइनेछ ।

४) आय संकलन प्रयोजनको लागि सूचना प्रकाशित गर्दा नै एकमुष्ट रकम बुझाई सम्झौता गर्ने ठेकेदारलाई सूचना बमोजिमको एकमुष्ट रकम छुट दिईनेछ ।

५) माथि जुनसुकै कुरा लेखिएको भए तापनि विपद, महामारी तथा संकटग्रस्त अवस्था श्रृजना भएमा कार्यालयको सिफारिसमा गाउँ प्रमुखले औचित्य हेरी कुनै प्रकारको कर वा सोको अम्समा छुट दिन सक्नेछ । त्यस्तो छुटको विवरण गाउँ सभामा पेश गर्नु पर्नेछ।

अनुसूची -१७

(ऐनको दफा १९ सँग सम्बन्धित)

कर छुट सम्बन्धी व्यवस्था

सि.नं.	विवरण	छुट दिइने क्षेत्र	प्रस्तावित दर	कैफियत
१	पर्यटकीयस्तरका होटलले आफ्नो होटलबाट निस्कने फोहर पानीलाई प्रशोधन गरेर मात्र ढल निकासको प्रवन्ध गरेमा लाग्ने शुल्कमा	व्यवसाय करमा	१० प्रतिशत	
२	पर्यटकीय स्तरका होटल/होमस्टेमा जम्मा मजदुर मध्ये ५० प्रतिशत परवानीपुर स्थायी बासीलाई रोजगारी दिएमा थप	व्यवसाय करमा	१५ प्रतिशत	
३	गाउँपालिकाका बिस्तारित वडाहरुमा नक्सा अभिलेखीकरण गर्दा गैह्र नाफामुलक तथा सामुदियक संस्थाहरुको भवनमा लाग्ने शुल्कमा	नक्सा पास दस्तुरमा	५० प्रतिशत	
४	आ.व. को पौष मसान्तसम्म सम्पत्ति कर तिर्ने करदाताको भवनमा लाग्ने शुल्कमा	सम्पत्ति करमा	१० प्रतिशत	
५	चालु आ.व.को आश्विन मसान्तसम्म एकमुष्ट व्यवसाय कर बुझाउने व्यवसायीलाई व्यवसायकरको लाग्ने शुल्कमा	व्यवसाय करमा	४० प्रतिशत	
६	१० जना भन्दा धेरै रोजगारी सृजना गर्ने उद्योग तथा वाणिज्य क्षेत्रले त्यसको ५०% परवानीपुरको स्थानीय वासिन्दालाई रोजगारी दिएमा व्यवसाय करमा थप छुट	व्यवसाय करमा	१५ प्रतिशत	
७	परवानीपुर गाउँपालिकाका core Area मा पुराना घर भत्काइ वा भत्किएको स्थानमा अगाडीको मोहोडा मात्र	नक्सा पास दस्तुर	५० प्रतिशत	

	पुरातात्वित तथा पुरानो शैली झल्कीने गरी निर्माण गर्न नक्सा पेश गरी सोही अनुरुप निर्माण सम्पन्न गरेपछि			
८	परवानीपुर गाउँपालिकाका core Area मा पुराना घर भत्काइ वा भत्किएको स्थानमा अगाडीको मोहोडा मात्र पुरातात्वित तथा पुरानो शैली झल्कीने गरी साविक बमोजिमको घर निर्माण गर्न चाहेमा गाउँपालिकाले नक्सा निःशुल्क बनाइदिने र सोही अनुरुप निर्माण सम्पन्न गरेमा निर्माण सम्पन्न गरेमा निर्माण सम्पन्न गरेपछि	नक्सा पास दस्तुरमा	१०० प्रतिशत	
९	अपाङ्ग परिचय पत्र भएको गाउँपालिकाको स्थायी बासिन्दा व्यक्तिको सम्पत्ति कर, सडक बत्ती शुल्क र विपद व्यवस्थापन शुल्कमा		१०० प्रतिशत	

१९. **प्रशासकीय पुनरावलोकन र पुनरावेदनः** (१) गाउँपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले गाउँपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यापालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतीस दिनभित्र छानविन तथा निर्णय गरी सम्बन्धित वयक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

४) गाउँपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगेको कारणले करदातालाई आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपुर्ती दिनु पर्नेछ ।

२०. **ठेक्का आह्वान गर्न सक्नेः** (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फार्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

३) गाउँपालिकाले सामान्यतया आर्थिक बर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

४) गाउँपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बनदोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीवजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्त लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्याविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्याविधिहरु अर्के व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

२१. **सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले गाउँपालिकाको राजस्व असूली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

२२. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** गाउँपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

२३. **कर संकलनको लागि सेवा रोक्नः** (१) गाउँपालिकाले निर्धारण गरेको कर तोकिएको समयमा दाखिला नगरेमा नेपाली नागरिकताको प्रमाणपत्र लिने सिफारिस बाहेकका अन्य सबै सेवा प्रवाह रोक्का गरी कर संकलन गर्न सकिनेछ ।

२) गाउँपालिकामा विभिन्न प्रकारका कर तथा शुल्क भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले अन्य कर भुक्तानी नगरी सम्पत्ति कर तिर्न नपाउने गरी सेवा रोक्का गर्न सकिनेछ ।

३) सेवा प्रवाहको मुख्य थलो वडा कार्यालय भएको कारणले गाउँस्तरीय कर चुक्ताको प्रमाण कागज संलग्न नभए सम्म वडा कार्यालयले सेवा प्रवाह गर्ने छैनन् । कर असूली र कर प्रशासनमा सघाउनु वडा अध्यक्ष तथा वडा कार्यालयको कर्तब्य हुनेछ ।

२४. **गाउँस्तरीय कर चुक्ता प्रमाणपत्र जारी गर्नेः** (१) गाउँपालिकामा दर्ता भै व्यवसाय गर्ने करदाताहरुलाई नेपाल सरकारको कर कार्यालयबाट कर चुक्ता प्रमाणपत्र लिनु पूर्व गाउँपालिकाबाट कर चुक्ताको प्रमाणपत्र लिनु पर्ने व्यवस्था गरिनेछ । यस प्रयोजनको

लागि सम्बन्धित कर कार्यालयलाई गाउँपालिकाबाट कर चुक्ता प्रमाणपत्र प्राप्त भए पछि मात्र त्यहाँबाट त्यस्तो प्रमाणपत्र जारी गर्ने गरी व्यवस्थापन गर्न अनुरोध गरिनेछ ।

२) गाउँपालिका क्षेत्रमा दर्ता भै व्यवसाय गर्ने संस्थालाई कर चुक्ताको प्रमाणपत्र पेश नगरेमा त्यस्तो संस्थासँग गाउँपालिकाले कुनै आर्थिक कारोवार गर्ने छैन ।

३) आर्थिक बर्षको असोज मसान्त सम्ममा कर दाखिला गर्ने समय भएकोले उक्त अवधिमा सेवा दिदा कर चुक्ता प्रमाणपत्र आवश्यक पर्ने छैन । यसै गरी पौस मसान्त सम्मको लागि कर दाखिला गर्ने म्याद थप गर्न सकिने र सो अवधि सम्म म्याद थपको पत्र पेश भएका कर चुक्ताको प्रमाणपत्र अनिवार्य गरिने छैन । तत् पश्चात सेवा प्रवाह गर्दा कर चुक्ता प्रमाणपत्र अनिवार्य आवश्यक पर्नेछ ।

४) प्रस्तुत दफाको प्रयोजनको लागि व्यक्तिगत स्वामित्वमा रहेको घर जग्गाको सम्पत्ति कर तिरेको रसिदलाई कर चुक्ता प्रमाणपत्रको रुपमा मान्यता दिइनेछ ।

२५. **किस्तामा कर तिर्न सकिनेः** गाउँपालिकाबाट निर्धारण भएको कर, करदाताको अनुरोधमा २ वा ३ किस्तामा तिर्नु पर्ने गरी कायम गर्न सकिनेछ ।

२६. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२७. **करदाताको पहिचान तथा दर्ताः**

१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

२) कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

४) कर एकाईले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ ।

२८. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

क. आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख. निर्धारित समयमा विवरण पेश गर्ने,

ग. निर्धारित समयमा कर रकम दाखिला गर्ने,

घ. यस ऐन बमोजिम कुनै शुल्क, जिरवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने,

ङ. हिसाव किताब र अभिलेख दुरुस्त राख्ने

च. कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

छ. कर एकाईलाई आवश्यक सहयोग गर्ने ।

२९. **करदाताको अधिकारः** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

क. सम्मानपूर्वक व्यवहारको अधिकार,

ख. प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग. कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ. प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार,

ङ. कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ ।

३०. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्ता भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ ।

३१. **विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्के विवरण पेश गर्न सक्ने छ ।

३२. **कर दाखिला गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

३३. **कर दाखिलाको निस्सा दिनुपर्ने:** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ । त्यस्तो निस्सा पत्र, एसएसएस जुनसुकै माध्यमबाट दिन सकिनेछ ।

३४. **कर फिर्ता सम्बन्धी व्यवस्था:** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

२) उपदफा (१) फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

३५. **कर समायोजन सम्बन्धी व्यवस्था:** (१) करदाताले दफा ३४ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

३६. **उजुरी नलाग्ने:** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

३७. **पुनरावेदन दिन सक्ने:** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० (साठी) दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुने छ ।

३८. **अदालतलाई भए सरहको अधिकार हुने:** यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

३९. **आदेश वा निर्देशन दिन सक्ने:** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानून र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ ।

४०. **पुरस्कृत गर्न सक्ने:** (१) गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले

अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक बर्ष पुरस्कार सम्बन्धी अन्य व्यवस्था गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था परवानीपुर गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४१. **कर परीक्षण र कर निर्धारणः** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

क. खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा ।

ख. गलत वा झुट्टा कागजात/विवरण संकलन गरेको देखिएमा ।

ग. यथार्थ कारोवार नदेखिएको विश्वास गर्नु पर्ने कारण नभएमा ।

घ. कारोवारका आधारमा करको दायित्व कम देखिएमा ।

ङ. करको दर फरक पारेकोमा ।

च. कानून बमोजिम कर-छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार बर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

४२. **कर निर्धारणको सूचनाः** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्ने छ ।

३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

४) प्रस्तुत ऐन कार्यान्वयन गर्नको लागि आर्थिक प्रशासन शाखाको प्रमुखले कर अधिकृतको रुपमा काम गर्नु पर्नेछ । निजले प्रमुख प्रशासकीय अधिकृतको मातअतमा रही कार्य गर्नेछ ।

४३. **कर संकलन सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका बमोजिम कर असूल गर्न सक्नेछ ।

क. करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

ख. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

ग. कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

घ. बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

ङ. करदाताको कारोवार रोक्का गरेर ।

च. करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर ।

छ. करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिय बमोजिम लिलाम विक्री गरेर ।

२) उपदफा (१) को खण्ड (च) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप ५ प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भए जति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

४४. **जरिवाना लाग्नेः** यस ऐन पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

४५. **ब्याज लाग्नेः** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत ब्याज लाग्नेछ ।

४६. **अभिलेख नराखेमा शुल्क लाग्नेः** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तब्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००/- शुल्क लाग्नेछ ।

४७. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने:** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००/- शुल्क लाग्नेछ ।

४८. **झुट्टा विवरण दिएमा शुल्क लाग्ने:** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ ।

४९. **ब्याज नलाग्ने:** यस ऐन बमोजिम लाग्ने शुल्क ब्याज र जरिवानामा पून: ब्याज लाग्ने छैन ।

५०. **कागजातको ढाँचा:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपर्युक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ ।

२) उपदफा (१) बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालयको सूचना पाटी, वेबसाइट र स्थानीय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

५१. **सूचना तामेली रीत पुगेको मानिने:** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाएमा वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ ।

क. सम्बन्धित व्यक्तिलाई नै बुझाएको
ख. निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको
ग. नवालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको
घ. कार्यालय संस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको
ङ. करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको

२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट ईनस्क्रिप्ट वा इनकोड गरिएको, चाप लगाईएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिईएको कागजातलाई रीतपुर्वकको मानिनेछ ।

५२. **नगदी रसिद रद्द गर्न सक्ने:** (१) कर दस्तुर संकलन गर्दा काटिएका आम्दानी रसिद रद्द गर्नु पर्ने अवस्था आएमा सम्बन्धित संकलनकर्ताले कारण खुलाई सक्कलै नगदी रसिद

संलग्न गरी अधिकार प्राप्त अधिकारीबाट निर्णय भएमा रद्द गरी सम्बन्धित व्यक्तिलाई रकम फिर्ता गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम रद्द गरिएका रसिदको विवरण राजश्व शाखाले प्रमाणित गरी राखु पर्नेछ ।

५३. कार्यविधि बनाउन सक्नेः (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागू हुनेछ ।

५४. बाधा अड्काउ फुकाउः यो ऐनको व्यवस्था कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा वाधा अड्काउ फुकाउको अधिकार गाउँ प्रमुखमा रहनेछ । त्यस्तो बाधा अड्काउ फुकाउको बिषय कार्यपालिका मार्फत गाउँ सभामा पेश हुनेछ ।

गाउँ सभाबाट अनुमोदन मितिः- २०८०/०३/१८ गते
प्रमाणिकरण मितिः- २०८०/०४/०१ गते

आज्ञाले
मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

परवानीपुर गाउँपालिका